


वर्ष १२ अंक ३ फागुन-चैत २०६२

**सल्लाहकार**
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी

**सम्पादन मण्डलः**
डा. नीरजनारायण जोशी
प्रेमकला नेम्बाङ्ग
बालकृष्ण चौधरी
कुलचन्द्र दाहाल

**आवरण तथा ले-आउट**
ग्राफिक वर्कशप
४२४२०७२, बागबजार

**प्रकाशक**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०,
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्सः ४४१८२९६
इमेलः rrn@rrn .org .np
वेबसाइटः www.rrn .org .np

## यस अंकमा

**व्यावसायिक सीपमूलक तालिम र जीविकोपार्जन** – सलबहादुर पाण्डे — २

**ग्रामीण विकास र सामाजिक परिचालक** – द्रौपदी भण्डारी — ४

**विद्यालय निर्माण कार्य सम्पन्न** — ५

**आरआरएनले ल्यायो परिवर्तन ग्रामीण समुदायमा** – लीलावती चौधरी — ६

**मत्स्यपोखरीमा बिजुली बत्ती** – ईन्दु उपाध्याय — ८

**मनकला दिदीलाई दंगाली बहिनीहरूको चिठी** — १०

**जमिन अभावमा रोकिएन तरकारी खेती** – गोविन्द मिश्र — १२

**जिविकोपार्जनको माध्यम बन्यो सीपमुलक तालिम** – पुष्पबहादुर राउत — १४

**बत्तीको मुनि अँध्यारो, त्यही अँध्यारोलाई आरआरएनले बनाउँछ उज्यालो** – उमेश भारती — १५

**रामचन्द्रे सिंचाइ योजनाले ल्याएको परिवर्तन** — १६

**दोस्रो राष्ट्रिय जनआन्दोलनः भूमि अधिकार स्थापना तथा क्रान्तिकारी भूमिसुधारको लागि** – भानु पराजुली — १७

# आर्थिक र सामाजिक द्वन्द्व समाधानमा भूमिसुधारको खाँचो

भूमिसुधार गरिनुको मुख्य उद्देश्य उत्पादकत्व बढाउनु रहेको छ । तर वास्तवमा भूमिसुधारले जमिनको उत्पादकत्व बढाउंछ नै भन्ने तथ्यगत आधार पाउन सकिन्छ ? यो भने विवादकै विषय बन्न सक्दछ । अर्थात् भूमिसुधारले जमिनको उत्पादकत्व बृद्धि गर्दछ नै भन्ने ठोस आधार केही हुँदैन ।

भूमिसुधारको मुख्य अर्को उद्देश्य भनेको आयको असमानतालाई घटाउनु हो । तर के भूमिसुधार कार्यक्रमबाट धनी र गरिबबीचमा रहेको असमानतालाई वास्तवमा नै घटाउन सकिन्छ त ? यी दुईबीचको खाडल कम गर्ने माध्यम भूमिसुधार नै हो त ? वा सबै भूमिसुधार कार्यक्रमले वास्तवमै आर्थिक असमानतालाई कम गर्न सक्दछ भन्ने विषय आजका गम्भिर छलफलका सवालहरु हुन् ।

यस्तो अवस्थामा सबैखाले भूमिसुधारले आर्थिक असमानता घटाउनलाई सहयोग गर्दैन, आर्थिक रुपमा सम्पन्न र विपन्नबीचको खाडललाई झन् फराकिलो पार्दछ । भूमिसुधारमा दुईवटा परम्परागत धारणाहरु प्रचलनमा रहेको पाईन्छ । एउटा भूमिपतिहरुलाई क्षतिपूर्ति दिएर राज्यले भूमि प्राप्त गर्ने र भूमिहीनहरुलाई वितरण गर्ने अर्को भनेको विनाक्षतिपूर्ति तोकिएको सीमा भन्दा माथिको भूमि राज्यले प्राप्त गर्ने । यस्तो अवस्थामा वास्तवमै आर्थिक असमानता घटाउने उद्देश्यले राज्यले भूमिसुधार गर्न चाहेको हो भने दोश्रो उपाय उत्तम हुन जान्छ । संसारमा यस्तै उदाहरणहरु भएको पाइन्छ । तत्कालीन सोभियत संघमा १९१७ मा र चाईनामा १९४९ मा यस्तै भूमिसुधारका उपायहरु अवलम्बन गरिएका थिए । विशेष गरि क्रान्ति पछिको भूमिसुधारका अभियानहरुमा भूमिसुधारको पछाडि विभिन्न राजनीति उद्देश्य र आयामहरु हुन्छन् । त्यस मध्येमा मुख्य उद्देश्य भनेको जमिन्दारहरुको नीति परिवर्तनमा प्रभाव पार्ने प्रतिरोधात्मक शक्ति कम गर्नु रहेको छ । किनकी राज्यले जमिन्दारहरुसंग आफ्ना स्वार्थ विपरितका नीतिहरुलाई रोक्ने सामर्थ्य कम गराउन चाहन्छन् । तर, इतिहासलाई हेर्ने हो भने यस्ता राजनैतिक उद्देश्यहरु गैर राजनीतिक उद्देश्यहरुको प्रभावमा परेको देख्न सकिन्छ ।

भूमिसुधारका दुइवटा राजनीतिक आशयहरु हुन्छन् । विशेष गरि द्वन्द्व चर्किएको गरिब मुलुकहरुमा एउटा भूमिहीन किसानहरुद्वारा संचालन हुन सक्ने ग्रामीण विद्रोह वा द्वन्द्वलाई रोकथाम गर्न तथा क्रान्तिकारी शक्तिहरुको मागलाई समायोजन गर्न द्वन्द्व पछि सञ्चालन गरिने भूमिसुधार कार्यक्रमहरु, यस्तै गरि भूमिसुधारको आर्थिक आशय भनेको जमिन्दारहरुको आर्थिक आधार कमगर्नु रहेको छ ।

यसको निष्कर्षमा के भन्न सकिन्छ भने अल्पविकसित राष्ट्रहरुका लागि भूमिसुधार अति नै अपरिहार्य पूर्व आवश्यकता हो । भलै भूमिसुधार एक्लैले मात्र नत उत्पादकत्वमा वृद्धि गर्न सक्दछ । त्यसका लागि संरचनागत सुधार, आधुनिक कृषि प्रणाली, प्रविधिहरुको प्रयोग उन्नत बिउबिजन, उपयुक्त मलजल तथा कृषि प्रणालीमा सुधार उत्तिकै आवश्यक हुन्छ । तथापि भूमिसुधारले आर्थिक असमानता, उत्पादकत्व वृद्धि र सामाजिक द्वन्द्व कम गर्न पहिलो ढोका भने खोल्दछ ।

नेपालमा भूमिसुधारको शुरुआत २००७ साल भन्दा पछाडि भएको पाइन्छ । प्रथम पञ्च वर्षे योजनामा भूमिसुधारको आवश्यकता तथा उपायहरुका बारेमा उल्लेख भएको पाइन्छ । त्यस्तैगरि कानुनी रुपमा २०१४ सालमा भूमिसुधार ऐन, २०१६ सालमा विर्ता उन्मूलन ऐन, २०१८ सालमा शाही भूमिसुधार आयोग गर्दै २०२१ सालमा वृहत उद्देश्यकासाथ भुमि सम्बन्धी ऐन २०२१ लागू भयो । यस ऐनमा हालसम्म पाँचौ पटक संशोधन २०२२, २०२५, २०३८, २०५३ र २०५८ भैसकेता पनि भूमि सम्बन्धी समस्या समाधान हुन सकेको छैन । यही भूमि सम्बन्धी समस्या मात्र समाधान गर्न सकेमा नेपालको राजनैतिक द्वन्द्वको आर्थिक र सामाजिक श्रोत धेरै हदसम्म कम हुने थियो । यसको अर्थ जनताको बलिदानीपूर्ण जनआन्दोलनबाट स्थापना भएको वर्तमान सरकारले विगत ११ वर्ष देखि चलिरहेको राजनैतिक द्वन्द्वको आर्थिक, सामाजिक र साँस्कृतिक कारणहरु मध्येको एक भूमिसुधार कार्यक्रमलाई पहिलो प्राथमिकता दिई कार्य गर्न आवश्यक देखिन्छ ।

# व्यावसायिक सीपमूलक तालिम र जीविकोपार्जन

✍ **सलबहादुर पाण्डे**
सहायक सामाजिक परिचालक, आरआरएन, इलाम

**उनी तालिम सकेर गाउँ फर्केका मात्र के थिए, गाउँमा विद्युत लाइनको बिस्तार हुन थाल्यो । शुरुमा त उनलाई काम नलगाउने मनसाय समुदायले बनाएको थियो । तर, उनले अनुरोध गरेर २/३ घरमा काम गरेको देखेर उनको कामप्रति सन्तुष्ट भएपछि सबै समुदायले उनलाई नै सहुलियत दरमा लगाए ।**



हाउस वायरिङ्ग गर्दै भक्त बहादुर वाला

**इलाम** जिल्ला साङ्गरुम्बा गाविस वार्ड नं. ६ डाँडागाउँ निवासी भक्तबहादुर वाला (राई) एक गरीब परिवारका युवा हुन् । उनको परिवारमा सातजना सदस्यहरू छन् । उनको सम्पत्तिको नाममा रहेको ७/८ रोपनी जमिन पनि वर्षेनी सटके पहिरोले कटौती गरिरहेको छ । आफ्नो जग्गामा उत्पादन भएको अन्नले पाँच महिनासम्म खान पुग्न पनि मुस्किल पर्छ ।

परिवारलाई पालनपोषण गर्न निकै संघर्ष गर्नु परेको छ ।

यस्तै क्रममा आरआरएनका प्रतिनिधिहरू सँग वालाको भेट भयो । उनले आफ्नो बारेमा कुराहरू बताउनुका साथै आफू माओवादी द्वन्द्वको जोखिमबाट उम्कने प्रयासमा रहेको र कुनै व्यवसायिक तालिम लिएर सानो व्यावसाय गर्ने कुरा व्यक्त गरे ।

आरआरएन प्रतिनिधिहरूको सल्लाह अनुरुप उनले यस संस्थामा निवेदन पनि पेश गरे । त्यसपछि उनले यस संस्थाबाट हाउस वाईरिङ्ग सम्बन्धी तालिम लिने अवसर पाए ।

उनको गाउँमा बिजुली बत्तीको बिस्तार हुने कुरा ३/४ वर्षअघि चल्दै आएको थियो । नभन्दै उनी तालिम सकेर गाउँ फर्केका मात्र के थिए, गाउँमा विद्युत लाइनको बिस्तार हुन थाल्यो । शुरुमा त उनलाई काम नलगाउने मनसाय समुदायले बनाएको थियो । तर, उनले अनुरोध गरेर २/३ घरमा काम गरेको देखेर उनको कामप्रति सन्तुष्ट भएपछि सबै समुदायले उनलाई नै सहुलियत दरमा लगाए ।

अहिलेसम्म उनले आफ्नो गाउँको ३५/३६ घरमा वायरिङ्ग गरिसकेका छन् । उनले अरु दुईजना साथीहरू ठगबहादुर शेर्पा र पूर्णबहादुर कोइरालालाई पनि आफूसँगै सहयोगीको रुपमा लिएर काम सिकाएर आफू जत्तिकै जान्ने बनाएका थिए । उनले आफ्नो गाउँमा काम गर्दा घरको आवश्यकता हेरेर प्रति घर दुई सयदेखि चारसय रुपैयाँसम्म र गाउँ बाहिर जाँदा पाँच सयदेखि एक हजार रुपैयाँसम्म पारिश्रमिक लिने गरेका छन् ।

यसै सन्दर्भमा भक्तबहादुर वाला बताउँछन्, "आजकालका दिनहरूमा आफूमा पहिलेको भन्दा धेरै सुधार पाएको छु । अहिले मसँग फुर्सदको समय नै हुँदैन, आयआर्जनको राम्रो माध्यम बनेको छ । अहिले मलाई पारिवारिक जीवन धान्न पहिला जस्तो कठिन छैन ।

मेरो कामलाई निरन्तरता दिँदै गाउँमै सानोतिनो विद्युतसम्बन्धी व्यापार गर्ने मनसाय पनि बनाएको छु । पहिले मलाई कसैले पनि वास्ता गर्दैन थिए । सबैले भक्ते भनेर चिन्थे तर अहिले आएर सबैले मलाई भक्त बाबु भनी बोलाउँछन् । यो कामले मेरो व्यक्तित्व विकास गर्नुको साथै पारिवारिक जीविकोपार्जनमा पनि सुधार ल्याएको छ ।"

अन्तमा उनी यस संस्थाप्रति अनुरोध गर्दै फेरि भन्छन्, "यस आरआरएन संस्थाले म जस्ता अन्य गरीब र पिछडिएका बेरोजगार युवाहरूलाई पनि यस्तै विभिन्न सीपमूलक तालिमको व्यवस्था गरिदिए उनीहरूको जीवनमा सुधार आउनेछ साथै बेरोजगारबाट सिर्जना भएको द्वन्द्व न्यूनीकरणमा पनि केहीमात्रामा सहयोग पुग्ने छ ।"

**आरआरएन त्यस्तो विश्वको परिकल्पना गर्दछ**
**जहाँ सबै नागरिकहरूको लागि**
**न्याय, समानता, शान्ति**
**र समृद्धि होस् ।**

# ग्रामीण विकास र सामाजिक परिचालक

✍ **द्रौपदी भण्डारी**
सामाजिक परिचालक, आरआरएन, दाङ

**ग्रामीण क्षेत्रका गरिब मानिसहरूले साँझ र बिहानको हात मुख जोर्नको लागि पनि सर्घष गर्नु परिरहेको छ । उनीहरूले विकासको अनुहार पनि देख्न पाइरहेका हुदैनन् । उनीहरूको जीवनस्तर उकास्नको लागि जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।**

**विश्वका** धेरै मुलुकमध्ये कम विकसित मानिएको नेपालमा २०५८ सालको जनगणना अनुसार ८६.१ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका छन् । स्थानीय श्रोत र साधनको परिचालन गरी उत्पादन र वितरणमा वृद्धि गर्ने र त्यहाँका मानिसहरूको क्षमतामा अभिवृद्धि गरी उनीहरूको आर्थिक, सामाजिक र राजनैतिक विकासमा पहुँच पुऱ्याई समुदायको जीवनस्तरमा सुधार ल्याउनु नै ग्रामीण विकास हो । ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको विकासका पूर्वाधारहरूमा पहुँच अत्यन्तै न्यून रहेको पाइन्छ । कुनै पनि निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको समूहलाई समुदाय भनिन्छ भने समाज समुदायको बृहत रुप हो ।

त्यसको परिचालन गर्नु नै सामाजिक परिचालन हो । यसमा सामाजिक परिचालकले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । ग्रामीण समाज वा समुदायको समस्याको सही पहिचान गर्ने, ग्रामीण क्षेत्रमा रहेका मानिसहरूको नेतृत्व शैलीमा विकास गर्ने, स्थानीय श्रोत साधनको उचित उपयोग, परियोजनाको सही कार्यान्वयन, ग्रामीण क्षेत्रका मानिसको चेतना जागरण, परियोजनामा जनपरिचालन, जनसहभागिता र परियोजनाको दिगोपनाको लागि पनि सामाजिक परिचालकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसले गर्दा विकासमा निरन्तरता कायम रही ग्रामीण जीवन सहज बनाउन सहयोग पुगिरहेको हुन्छ ।

कुनै पनि गाउँको विकास गर्नुभन्दा पहिले त्यहाँको समस्याको पहिचान गर्न र स्थानीय श्रोत साधनको उचित परिचालन गर्नको लागि जनसहभागिताको खाँचो पर्दछ । ग्रामीण क्षेत्रका गरीब मानिसहरूले साँझ र बिहानको हात-मुख जोर्नको लागि पनि संर्घष गर्नु परिरहेको छ । उनीहरूले विकासको अनुहार पनि देख्न पाइरहेका हुँदैनन् । उनीहरूको जीवनस्तर उकास्नको लागि जीविकोपार्जनसंग सम्बन्धित कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ । यस्ता ग्रामीण क्षेत्रहरूमा विकासका कार्यक्रम संचालन गर्ने र समुदायलाई विकासका कार्यक्रमहरूमा अग्रसर गराउनको लागि उत्प्रेरित गराउने कार्य सामाजिक परिचालकको

कार्यभित्र पर्दछ । यसरी ग्रामीण क्षेत्रका पिछडिएका मानिसहरूलाई चेतनामूलक र सीपमूलक तालिम दिने, तालिम प्राप्त गरिसकेपछि उनीहरूको सीपलाई व्यवहारमा ल्याउन र निरन्तरताको लागि बिउ पूंजी (seed money) वितरण गरी उनीहरूलाई जीविकोपार्जन कार्यहरूमा उत्प्रेरणा दिने साथै निरन्तर अनुगमन गर्ने, जसले गर्दा उनीहरूको सीपको सही सदुपयोग भइ जीविकोपार्जनको आधार बन्न सक्छ ।

बेलायतको अन्तर्राष्ट्रिय सहयोग नियोग (DFID) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आरआरएनद्वारा देशको १६ जिल्लाहरूमा ग्रामीण सामुदायिक पूर्वाधार विकास तथा जीविकोपार्जन कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रमले पिछडिएका समुदायहरूमा ग्रामीण विकासका पूर्वाधार निर्माण र जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै आएको छ ।

यस कार्यक्रमअन्तर्गत सिंचाइ, खानेपानी, भवन, फर्निचर, शौचालय, पुस्तकालय, विज्ञान सामाग्री सहयोग, कृषि सडक, कल्भर्ट निमार्ण, नदी नियन्त्रण आदि पर्दछन् । विभिन्न किसिमका तालिमहरू जस्तैः विद्युत तार जडान, बेमौसमी तरकारी खेती, मौरीपालन, ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, मर्मत व्यवस्थापन तालिम आदि संचालन गर्दै आइरहेको छ । जसलेगर्दा ग्रामीण क्षेत्रका मानिसहरूका लागि जीविकोपार्जनको आधार बनेको छ ।

गतिविधि

# विद्यालय निर्माण कार्य सम्पन्न

वि. सं. २०१४ सालमा घैलाडुब्बामा निर्माण गरिएको श्री आर्दश विद्या मन्दिर उच्च माविले ४८ बसन्त पार गरिसकेको छ । उक्त विद्यालय त्यस ठाउँका शिक्षाप्रेमी बुद्धिजीवी एवं सम्पूर्ण जनताको सहयोगमा बनेको थियो । झापाकै पुरानो एवं उत्कृष्ट विद्यालयको रूपमा परिचित यस विद्यालयबाट उत्पादित जनशक्तिले आज राष्ट्रसेवामा उल्लेखनीय योगदान पुऱ्याइरहेको देखिन्छ । यस विद्यालयको भवन जीर्ण भई छतको प्लाष्टर झर्न थालेकोले अध्ययन अध्यापन गराउन जोखिमपूर्ण भएपछि भौतिक रूपमा भवन निर्माणको आवश्यकता टड्कारो रूपमा देखा परेको थियो भने अर्कोतिर यस विद्यालयमा बढ्दो विद्यार्थी चापले कक्षाकोठाको कमी भई अध्ययन अध्यापनमा कठिनाई उत्पन्न भएको थियो ।

हाल समुदायको सक्रियतामा आरआरएन एवं स्थानीय निकायहरूसंग भवन निर्माणको लागि आर्थिक सहयोगको माग गरी चारकोठे पक्की भवनको निर्माण कार्य सम्पन्न भएको छ । उक्त भवन निर्माणमा विद्यालय व्यवस्थापन समितिले विद्यालयको आन्तरिक श्रोत जुटाई २ लाख ७६ हजार रुपैयाँ बराबरको निर्माण कार्य (चरसम्मको काम) पूरा गरिसकेको थियो । तदनुरुप उक्त विद्यालयको लागि आरआरएन, झापाबाट २ लाख ४९ हजार ८ सय ७१ रुपैयाँ बराबरको निर्माण सामाग्री, जिल्ला विकास समिति झापाबाट १ लाख ४७ हजार ७ सय ५० रुपैयाँ, घैलाडुब्बा गाविसबाट ५० हजार रुपैयाँ र विद्यालयबाट १ लाख ६२ हजार ७ सय ७२ रुपैयाँ २५ पैसा गरी जम्मा ६ लाख १० हजार ३ सय ९३ रुपैयाँ २५ पैसामा भवन निर्माण कार्य सम्पन्न भएको छ ।

यस विद्यालयबाट प्रत्यक्ष रुपमा घैलाडुब्बा, डाँगीबारी, चारपाने, चकचकी गाविसका विद्यार्थीहरूलाई पठन-पाठनकार्यमा सहयोग पुगेको छ । यस विद्यालयबाट ३ हजार १ सय घरधुरीका १५ हजार ५ सय जनसंख्या लाभान्वित भएका छन् ।

– **अम्बिका खत्री**, सामाजिक परिचालक, आरआरएन, झापा

# आरआरएनले ल्यायो परिवर्तन ग्रामीण समुदायमा

✍ **लिलावती चौधरी**
सव-ओभरसियर, आरआरएन, दाङ

**"दिनभरि खाने समेत फुर्सद नभई खेतबारीमा तरकारी बालीको स्याहारसुसार गरेर तरकारी उत्पादन गरेतापनि व्यवस्थित बजार र उचित बजार मूल्य नभएको कारण लगानी समेत उठ्दैन तर के गर्ने जीवन निर्वाहको बाटो नै यही हो।"**

**परिवर्तन** भन्नु नै विद्यमान सामाजिक आर्थिक, राजनैतिक, सांस्कृतिक र भौतिक अवस्थामा सकारात्मक र संरचनात्मक सुधार ल्याउनु हो। १६ अक्टोवर २००४ देखि १० अप्रिल २००६ सम्म नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आरआरएन दाङले दाङका विभिन्न २६ वटा गाविसहरू र २ वटा नगरपालिकामा खानेपानी, सिंचाइ, कल्भर्ट, गोरेटो बाटो, रिङ कुवा र स्कूल भवन गरी जम्मा ५३ वटा योजनाहरू सम्पन्न गरिसकेको छ। यस संस्थाले देशमा १६ वटा योजनाहरू सुचारुरूपले संचालन गरिरहेको छ।

योजना संचालन कार्यमा जनसमुदायको सक्रिय सहभागिता रहेको हुन्छ। निर्माण कार्य संचालन गर्ने पहिलो चरण पिआरए, आरआरए र सम्भाव्यता अध्ययन गरे देखि योजना सम्पन्न अवधिसम्म आरआरएनको तर्फबाट प्राविधिक र सामाजिक कार्यकर्ताहरू अनुगमन र निरीक्षणमा खटिरहेका हुन्छन्। समुदायको तर्फबाट विभिन्न समितिहरू मार्फत जस्तै व्यवस्थापन समिति, महिला समूह र निर्माण समितिले योजना निर्माण अवधि देखि कार्य सम्पन्न अवधिसम्म सम्पूर्ण जिम्मा समितिकै रहेको हुन्छ।

निर्माण चरणका सामाग्री ढुवानी, भण्डार, दक्ष ज्यामीको छनौट, जनश्रमदान आदि निर्माण अवधिसम्म आइपरेका सामूहिक समस्या निराकरण गर्ने कार्य समेत सामुदायको रहेको हुन्छ। यसको अलावा स्थानीय साधन श्रोत संकलन गर्ने, ढुवानी गर्ने र समुदाय परिचालन गर्ने काम पनि समुदायले गरेको हुन्छ। हरेक क्षेत्रमा समुदायको सक्रिय सहभागिता रहेकोले निर्माण कार्यहरू समयमै सम्पन्न भैइरहेका छन्।

सरकारी कार्यालयको पहुँच कमै रहेको गरिब, दलित तथा जनजातिहरूको बाहुल्यता रहेको साथै ग्रामीण जनताको आधारभूत आवश्यकतानुसार वा प्रदान गर्ने गरेकोले ग्रामीण जनताहरू आरआरएनको कामबाट खुसी छन्।

आरआरएनको देनको सन्दर्भमा लक्ष्मीपुर ५ रानीदमार गाउँका बासिन्दाहरू भन्छन्, "हामी रानी दमारबासीहरू सफा र चिसो पानी खान पाएका छौँ। सिंचाइले गर्दा हरियो सागसब्जी उत्पादन गरी सफा ताजा तरकारी खान पाउनु स्वस्थ जीवन बिताउनुका साथै तरकारी बेचबिखन गरेर जीवन गुजाराको बाटो अपनाएका छौँ। जसको कारण भारत तिर धाउनु परेको छैन।"

"हामी जस्ताको समस्याहरू निराकरण गरिदिने र ग्रामीण समुदायमा पिछडिएका वर्गहरूको उत्थान गर्ने यो संस्थाप्रति हामी धेरै आभारी छौं ।" त्यसैगरी रामपुर ६ सुर्केदाङीका कृषकहरू भन्छन्, "सधैंभरी तरकारी खेती गरेर एउटा नमुना गाउँको रुपमा चिनिएता पनि हामी जस्ता कृषकहरूको मर्का भने छुट्टै छ । दिनभरि खाने समेत फुर्सद नभई खेतबारीमा तरकारी बालीको स्याहारसुसार गरेर तरकारी उत्पादन गरेतापनि व्यवस्थित बजार र उचित बजार मूल्य नभएको कारण लगानी समेत उठ्दैन तर के गर्ने जीवन निर्वाहको बाटो नै यही हो ।"

आरआरएनले कृषिको अर्को उपाय माहुरीपालन पनि हो भन्ने कुरा ध्यानमा राखी किसानहरूलाई यस सम्बन्धी तालिम दिई प्रतिव्यक्ति एक-एक घार माहुरी समेत उपलब्ध गराएको छ । यसबाट केही आम्दानी होला जस्तो देखिन्छ किनकी पुसमा २५ घार पाएको माहुरीबाट ४ महिना भित्रमा ३० घार भएको छ ।

ग्रामीण समुदायको आ-आफ्नै रीतिरिवाज अनुसार प्राकृतिक श्रोत र साधनहरूको परम्परागत तरिकाले प्रयोग गरीरहेका छन् । उनीहरूले प्राकृतिक साधन र श्रोतको प्रशस्त मात्रामा प्रयोग गरिरहने भएकोले सम्पूर्ण प्राकृतिक स्रोत र साधनको बारेमा उनीहरूलाई राम्रो ज्ञान छ । तर, उनीहरू कुन श्रोत र साधन कस्तो ठाउँमा कसरी प्रयोग गर्ने, कुन अनुपातमा प्रयोग गर्ने, कसरी प्रयोग गर्दा कुन हदसम्म टिकाउ हुन्छ भन्ने कुरामा मात्र अनभिज्ञ छन् ।

यसरी संस्थाले प्राविधिक एवं अन्य सहयोग पुऱ्याउनुका साथै आवश्यकता अनुसार सुपरिवेक्षण गर्ने गरेको छ । विभिन्न आधारभूत आवश्यकता अनुसार तालिमहरू प्रदान गरी आत्मनिर्भर बनाउने सेवा समेत प्रदान गरेको छ । यसरी आधारभूत आवश्यकताको आधारमा तालिमहरू लिइसकेपछि गत वर्षको तुलनामा अहिले ग्रामीण महिलाहरूमा धेरै परिवर्तन आएको छ । यसरी कुनै कुरा पनि व्यक्त गर्न नसक्ने महिलाहरू आजकल विना हिचकिचाहट जुनसुकै सामाजिक कार्यमा अगाडि बढ्न सक्षम भएका छन् ।

यो समय बाढी पहिरोको समय हो ।



# मत्स्यपोखरीमा बिजुली बत्ती

✍ **ईन्दु उपाध्याय**
महिला विकास अधिकृत, आरआरएन, संखुवासभा

**वर्षमा एक पटक धान बाली भित्रिएपछि देवीटार बजार ३ दिनसम्म विभिन्न लोकदोहरी तथा त्यहाँका स्थानीय खानाका परिकारहरू सेलरोटी तुम्बा तथा मौसम अनुसारको सुन्तला फलफूल आदिको व्यापार सहित ३ दिनसम्म बडो हर्षउल्लासका साथ मनाइने गरिन्छ ।**



**खाँदबारी** सदरमुकामदेखि उत्तरी क्षेत्रमा पर्ने मत्स्यपोखरी आफ्नै ठाउंमा अवस्थित छ । मत्स्यपोखरीको पूर्वमा बाह्रविसे, पश्चिममा दिदिङ गाविस, उत्तरमा नुम र दक्षिणमा सदरमुकाम खाँदबारी बजार रहेको छ । यसै गाविसलाई पञ्चायतकालमा पाँठापाखीबास भनेर चिनिन्थ्यो र अझै पनि यहाँको इलाका स्वास्थ्य चौकी पाँठापाखीबास नामबाट नै परिचित छ । यसो भन्नुको कारण यो पाँठापाखीबाससंग जोडिनुका साथै ठूलो पाखीको रुख पनि थियो रे, यो किंवदन्ती बुढापाकाको हो । उनीहरूको भनाई अनुसार नुम, हेदाङ्ना, हटिया र भोट चीनबाट मानिस वा बटुवाहरू

खाँदबारी र धरान जाँदा र फर्कदा जुन ठाउँमा रहेको ठूलो पाखीको रुखको छहारी मुनी बास बसेर जाने गर्दथे रे ।

हाल आएर यसै ठाउँ मत्स्यपोखरी गाविसको नामबाट चिनिन्छ । मत्स्यपोखरी नाम हुनुको मुख्य कारण चाहीँ यही पोखरी माछे गाउँमा भएर नै हो । हुन त पोखरीको उत्पति भएको हजार वर्ष पहिले हो रे । तर पनि यही पोखरीबाट उक्त गाविसको नाम मत्स्यपोखरी बन्न पुगेको इतिहास छ । यो पोखरी बाटोको छेउमा नै पर्छ । त्यसैले सबै बटुवाहरूले यसै पोखरीको पानीमा खाना बनाउने, पानी पिउने र सफा गर्ने गर्दछन् । पछि धेरै प्रयोग हुँदाहुँदै पोखरी केही फोहोर मैला भयो वा फोहर भएर पोखरी एक्कासी फुटेर पानी थोरै भएर गयो वा सुक्दै जान लाग्यो भन्ने भनाई छ । यस गाउँका बुढापाकाहरू भन्छन्, "पोखरी वनभित्र भएकोले रुखको पात पतिङ्गर झरेर फोहोर भएतापनि चराले सबै टिपेर पानी सफा बनाउने काम गर्दथ्यो । यस्तो विशाल पोखरीमा सधैं सफा र पात पतिङ्गर कहीँ पनि नभएको हुँदा गाउँलेहरू घाँस, दाउराको भारी बिसाएर एकछिन भएपनि थकाई मार्न त्यही पोखरीको छेउमा गएर बस्ने गर्दथे ।"

संखुवासभा जिल्लाको पूर्वउत्तरकुनामा अवस्थित मत्स्यपोखरी गाविस भौगोलिक विकटताले भरिएको भएतापनि जलश्रोतको धनी मानिदै आएको छ । यस गाविसका ५१ घरधुरीमा बिजुली बत्तीको उज्यालो पाई खुशीयाली छाएको छ । त्यस्तै गरी आरआरएन, संखुवासभाको सहयोगमा वडा नं. ३ स्थित सहारा महिला समूहको सक्रियतामा जलजलेखोलामा पेल्ट्रिकसेट निर्माण भई २० घर परिवारले अध्यारोबाट उज्यालो पाई खुसीको सास फेर्न पाएका छन् । विभिन्न गाविसहरू जस्तैः धुपू, सित्तलपाटी र दिदिंग जस्तै पिछडिएका क्षेत्रहरूमध्ये मत्स्यपोखरी गाविस पनि एक रहेको छ । यस गाविसको पूर्वतर्फ करिब एक हजार फिट उचाइमा देवीटार-९ रहेको छ ।

यहाँ आरआरएनसंग आबद्ध दुईवटा महिला समूहहरू छन् । सिर्जनशील महिला समूहका ३० जना र जलकन्या महिला समूहका २३ जना गरी जम्मा ५३ महिला सदस्यहरूको बसोबास रहेको उक्त स्थानमा राई तथा गुरुङ्ग जातिहरूको बसोबास रहेको छ । साथै वर्षमा एक पटक धान बाली भित्रिएपछि देवीटार बजार ३ दिनसम्म विभिन्न लोकदोहरी तथा त्यहाँका स्थानीय खानाका परिकारहरू सेलरोटी तुम्बा तथा मौसम अनुसारको सुन्तला फलफूल आदिको व्यापार सहित ३ दिनसम्म बडो हर्षउल्लासका साथ मनाइने गरिन्छ । वर्षभरि खाने अन्नबाली जस्तैः धान, कोदो आदि भित्रिएपछि वर्षमा एकपटक मेला लाग्ने गर्दछ ।

यस जलकन्या महिला समूहकी सचिव श्रीमती शोभा गुरुङ भन्नुहुन्छ, "समूह गठन भएपछि महिलाहरू पनि एउटा सक्षम नागरिक हुनसक्ने रहेछन् । समाजमा आईपर्ने सानातिना झैंझगडा तथा मनमुटावहरू समाधान गर्ने क्षमता अभिवृद्धि हुनका साथै घर व्यवहार चलाउने खर्चको लागि पुरुषहरूको मात्र आशा गर्नु पर्ने झन्झटबाट मुक्ति पाइएको छ । आफ्ना ईच्छा तथा आवश्यकताहरू अरुका अगाडि व्यक्त गर्ने क्षमताको पनि विकास भएको छ । आरआरएन संस्थाद्वारा दिएको विभिन्न खाले तालिमहरूबाट आय आर्जनको पाटो दरिलो छ ।" यहाँस्थित सिर्जनशील महिला समूह तथा जलकन्या महिला समूहको सक्रियतामा श्री धर्मदेवी प्रा.वि.को परिसरमा शौचालयको निर्माण भएको छ । यसअघि शौचालयको अभावमा शिक्षक तथा विद्यार्थीहरू टाढाटाढासम्म जानुपर्ने हुँदा समय खेर फाल्नुपर्ने बाध्यता थियो करिब तीन सय विद्यार्थीहरू पढ्ने सो स्कुलमा आरआरएनको सहयोगपाई शौचालय भवनको निर्माण भएकोमा त्यस विद्यालयका शिक्षक तथा विद्यार्थी अत्यन्त हर्षित हुनुका साथै उनीहरूले यस संस्थाको सुखद भविष्यको कामना पनि गरेका छन् ।

त्यसैगरी मत्स्यपोखरीको मत्स्य-स्थित सक्रिय महिला समूह रहेको छ । करीब ३० जना सदस्य रहेको उक्त समूहमा गुरुङ जातिहरूको बसोबास रहेको उक्त महिला समूहको सकृयतामा आरआरएन संस्थाको सहयोगबाट एक सामुदायिक भवनको निर्माण भएको छ । उक्त भवनको लागि संस्थाबाट ३० हजार रुपैयाँ बराबरको छानो, १० थान डेक्स बेन्च, १ थान दराज, ३ थान टेबल तथा ५ थान कुर्सी सहयोग प्राप्त भएको छ साथै यस

संस्थाबाट प्राप्त सहुलियत दरका आलु, प्याज, कोपी, मुला, तरकारीहरूको खेतीबाट राम्रो आय आर्जन हुनुका साथै दिनहु प्रयोगबाट समुदायको स्वास्थ्यमा समेत तन्दुरुस्ती बढेको छ । त्यस्तै वडा नं. ३ स्थित राई जातिहरूको समुदायभित्र सहारा महिला समूह रहेको छ। उक्त समूहको महिलाहरूको सक्रियतामा आरआरएनको सहयोगार्थ जलजले खोला पेल्ट्रिकसेट निर्माण भई २० घर परिवारले बिजुली बत्तीको उज्यालो पाएका छन् ।

बत्तीको उज्यालो पाउँदा यहाँका बासिन्दाहरूले बालबालिकाहरूको पढाईमा समेत सुधार आएको हर्ष व्यक्त गर्नुभएको छ, साथै उनीहरूमा सुखद भविष्यको आशा पनि पलाएको छ । वडा नं. ३ मा नै राई जातिहरूको समुदायमा अवस्थित सरस्वती महिला समूह रहेको छ। यस समूहमा जम्मा २२ जना महिला सदस्यहरू रहनुभएको छ। समूह गठन मिति ०५९/१० मा भएकोमा हालसम्म उक्त समूहका महिलाहरूद्वारा समय तथा परिवेश अनुसार आफूले जीवनमा कुनै उद्योग व्यवसाय गरेर जीवन संचालन गर्नसक्ने क्षमताको विकास भएको अनुभव व्यक्त गर्नुभएको छ । अत्यन्त सोझा तथा इमान्दार मानिने राई तथा गुरुङ जातिहरूमा एक आपसमा अत्यन्त सहयोगी भावना भएको हुनाले उनीहरूमा सामाजिक कार्य गर्न सजिलो भएको छ।

त्यसैगरी वडा नं. २ ढाँणगाउँ स्थित शिलावन्ती महिला समूह रहेको छ । समूह गठन मिति ०५९।१० रहेकोमा सदस्य संख्या २४ छन् । गुरुङ जातिहरूको बसोबास रहेको उक्त गाउँमा महिला सदस्यहरूको सकृयतामा आरआरएनको सहयोगमा श्री ठूलोखोला पेल्ट्रिकसेट पावर हाउसको निर्माण भई ३१ घरधुरीले बिजुलीको उपभोग गर्न पाएका छन् साथै उक्त शिलावन्ती महिला समूहको सक्रियतामा आरआरएन संस्थाको सहयोगार्थ पाखीबास स्थित श्री सरस्वती माविमा छात्रछात्राहरूका लागि २० थान डेक्स बेन्च सहयोग प्राप्त भएको छ ।

यस समूहकी सदस्य वर्ष ५३ की रत्नमाया गुरुङले आरआरएन संस्थासँग आबद्ध भएदेखि हालसम्म तरकारी खेतीबाट राम्रो आय आर्जन भएको र ताजा तरकारीको प्रयोगबाट स्वास्थ्यमा पनि सुधार भएको र मासिकरुपमा समूहमा गरिने बचतबाट घरव्यवहार चलाउन सजिलो भएको कुरा पनि व्यक्त गर्नुभएको छ ।

चिठी

# मनकला दिदीलाई चिठी

मिति :२०६२/१२/५

**आदरणीय मनकला दिदी,**
**सादर नमस्कार**

दिदी, यहाँ दाङ जिल्लाका महिलाहरूको तर्फबाट हार्दिक नमस्कार एवं सम्झना छ। हजुरहरूले त्यहाँ शोषित र पीडित महिलाहरूको हकहित र अधिकारको रक्षार्थ आन्दोलन गरिरहनु भएको छ रे भनेको सुन्दा धेरै खुसी लागेको छ । हामी पनि यस महिला आन्दोलनमा सधैं हजुरहरूको साथमा छौं । जबसम्म महिला पुरुषहरूबीच आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक हरेक रूपमा समानता ल्याउन सकिँदैन, तबसम्म नेपालमा विकास तीब्र रूपमा अघि बढ्न सक्तैन भन्ने कुरा हामी दङ्गाली दिदी बहिनी तथा दाजुभाईहरूले राम्ररी बुझेका छौं ।

भर्खरै हामी महिलाहरूले ९६ औं महिला दिवस भव्य रूपमा मनायौं त्यस अवसरमा यहाँ सयौं बिधवा महिलाहरूले रातो वस्त्र लगाउने अवसर पनि पाए । दिदी तपाईंलाई थाहा भएकै कुरा हो नेपाली संस्कृति भनौ वा विकृति विवाह पश्चात श्रीमान् गुमाउनु पर्दाको मानसिक पीडा त छदैछ, त्यसमा पनि महिलाहरूलाई श्रीमान् टोकुवा, अलिच्छिनी, बोक्सी आदि नानाथरिका आरोप लगाईन्छ ।

कतिपय अवस्थामा त यातना नै

खानुपर्छ त्यति मात्र कहाँ होर श्रीमान्‌को मृत्यु पश्चात महिलाले बिधवाको रूपमा मृत्युपर्यन्त रातो वस्त्र, सिन्दुर पोते, रातो टीका लगाउन नपाउने स्थिति छँदैछ । यस्तो बेलामा दाङ जिल्लाका एकल महिलाहरूले रातो वस्त्र र रातो टीका पहिरिएर महिला आन्दोलनको शुरुवात गरेका छन् ।

मलाई आशा छ वहाँहरूको त्यस आन्दोलनलाई हजुरहरूको पनि समर्थन रहनेछ । जन्मेपछि मृत्यु अवश्य छ, त्यो कुरा सबैलाई थाहै छ, तर जब एउटी बुहारीको मृत्यु हुन्छ, तब छोराले रातो वस्त्र बार्नु नपर्ने र उसलाई श्रीमतीको मृत्यु भएको एक महिना पनि नबित्दै अर्को श्रीमती ल्याउन छुट हुने, घरपरिवारले विवाह गर्ने हौसला दिने चलन छ, चाहे ऊ ६० देखि ८० वर्षको बूढो नै किन नहोस् ।



तर, अफसोच जब छोराको मृत्यु हुन्छ तब बुहारीलाई पोई टोकुवा, अलिच्छिनी आदि लान्छना लगाइन्छ । आखिर किन यस्तो ? किन यस्तो भेदभाव ? किन बुहारीको मृत्यु हुँदा छोरालाई श्रीमती टोकुवा, बोक्सो, अलच्छिन नहुने ? महिलाहरू सानै उमेरमै बिधवा भएपनि उनीहरूले विवाह गर्न त परै जाओस् रातो वस्त्र समेत लगाउन नपाउने के यो न्याय हो ? के यो सधैं हामी सहेर बस्न सक्छौं ? होइन भने हामीले पनि त श्रीमान्‌को मृत्युपश्चात पुनः विवाह गर्न पाउनु पऱ्यो नि, हाम्रो पनि इच्छा आकांक्षा हुन्छन् होइन र ? के यस अन्यायको बिरुद्धमा हामी सचेत महिलाहरूले आवाज उठाउनु पर्दैन र ?

दिदी, भर्खरै मेरो छिमेकमा एकजना छिमेकीले दाइजो धेरै नल्याएको भनेर आफ्नो बुहारीलाई कुट्नु समेत कुटे र त्यत्तिले नपुगेर उनलाई घरबाट नै निकालिदिए । यस्ता बुहारीहरू नेपालमा कति छन कति हामीले अभिलेख लिन सकेका छैनौं । कतिको दाइजो नल्याएको कारण घरबार बिग्रेको छ । त्यसैले तपाईंहरू पनि दाईजो बिरोधी आन्दोलन गर्नुहोस् । हामीहरूले तपाईहरूको साथ दिनेछौं ।

हामी दाइजो लिनेलाई र दाईजो माग्नेलाई सामाजिक बहिस्कार गर्नेछौं । हामी तपाईं सबैलाई थाहा भएकै कुरा हो एउटै कोखबाट जन्म लिएका छोरालाई पैतृक सम्पत्ति दिईन्छ तर हामी महिलाहरूलाई त उचित शिक्षा समेत दिईदैन । त्यसैले तपाईहरू सबैले छोरीहरूले पनि छोरासरह सम्पत्तिको अधिकार पाउनुपर्छ भनेर संघर्ष गर्नुहोस् ।

दिदी, आधा आकास आधा धर्ती ढाक्ने महिलाहरू खोई त हामी प्रधानमन्त्री भएको ? खोइ त नीति निर्माणमा महिलाहरू ? के महिलाहरूले देश चलाउन सक्दैनन् र ? हामीलाई त सहानुभूति होइन अवसर चाहिएको छ । यसको लागि हामीले शान्तिपूर्ण आन्दोलन चलाउनु पर्छ होइन । बच्चा रोएन भने उसले कहाँ दध खान पाउँछ र ? त्यसैले दिदी तपाईहरू कतिसम्म घाँस, दाउरा, चुला र चौकामा मात्र सीमित हुनुहुन्छ ?

कतिसम्म तपाईंहरूमाथि भएको अन्याय, अत्याचार, शोषण, दमन सहेर बस्न सक्नुहुन्छ ? कतिसम्म पुरुषको दासी भएर बस्न सक्नुहुन्छ ? त्यसैले उठ्नुहोस् । अब महिलाहरूको हक, अधिकार र पुरुषसमान आफूलाई राख्न आन्दोलनको ज्वारभाटा उठाउनुहोस् । हामी दंगाली महिलाहरू सदा तपाईंहरूको साथमा हुनेछौं । जित तपाई हामी सबैको हुनेछ । एक दिन देशमा लैगिंक समानता आउने छ ।

**- उही दंगाली बहिनीहरू**

# जमिन अभावमा रोकिएन तरकारी खेती

✍ **गोविन्द मिश्र**
सहायक सामुदायिक परिचालन अधिकृत, आरआरएन



प्लाष्टिक घरभित्र टमाटर गोडमेल गर्दै रोल्पा लिगाङका हिमानी घर्तीमगर

**रोल्पा** राप्ती अञ्चलमा पर्ने उच्च पहाडी जिल्ला मध्येको भौगोलिक हिसाबले एक विकट जिल्लाको रूपमा चिनिन्छ । यसलाई शिक्षा र चेतनाको हिसाबले पिछडिएको, गरिबीको चपेटामा पिल्सिएको जिल्लाभन्दा पनि खासै फरक नपर्ने देखिन्छ । यस जिल्लाको कुल जनसंख्या करीब २ लाख १० हजार मध्येमा शिक्षाको अवस्थालाई हेर्दा ३६ प्रतिशत मात्र साक्षरता पाइन्छ। ३ हजार ६ सय ५० मिटरसम्मको जलजला हिमाल पनि यसै क्षेत्रमा भेटिन्छ । यहाँका अधिकांश मानिसहरू बेरोजगार अवस्थामा कामको खोजीमा विदेशिने यस जिल्लाको परम्परा नै बनिसकेको छ । अधिकांश परिवारका मानिसहरूलाई बिहान बेलुकाको हात मुख जोड्ने समस्याले सताइरहेको हुन्छ। यस समस्याबाट मुक्ति



रोल्पाको लिवाङमा प्लाष्टिक घरभित्र फलेको गोलभेडा

पाउने सपना बोकेर विदेश गएकाहरूमा धेरैजसो मानिसहरू दुःख पाएर विना पैसा फर्किएका छन् ।

यस जिल्लामा श्रम गर्नसक्ने प्रशस्त जनशक्ति हुँदाहुँदै पनि यसको उचित सदुपयोग गर्न नसक्नु हाम्रो विडम्बना नै मान्नु पर्दछ । प्राचीन युगदेखि हाम्रो देशको करीब ८१ प्रतिशत जनताहरू कृषि पेशामा निर्भर छन् । तरपनि राष्ट्रले समय सापेक्षित आधुनिक कृषि प्रविधिको विकास गर्न नसकिरहेको अवस्थामा रोल्पा जिल्लाको सदरमुकाममा भारतको भूमिमा उत्पादित टमाटर, काउली, बन्दा जस्ता तरकारीहरू व्यापारीहरूले पुऱ्याउने गरेका छन् ।

उक्त परिस्थिति आउनमा कसको कति हात छ भन्नु भन्दा पनि कसले के गर्दैछ र यसबाट के पाउन सकिन्छ भन्ने कुरातर्फ सबैको ध्यान जानु पर्ने आजको आवश्यकता हो भन्ने मेरो बुझाई रहेको छ । कुनै पनि काम गर्दा यसले समुदायमा के प्रभाव पर्दछ भन्ने कुरालाई अध्ययन गरी नयाँ कुराको अनुकरण गर्नु पनि आजको आवश्यकता हो । यसले सानै रूपमा भएपनि समाजमा परिवर्तन ल्याउन सकिन्छ ।

यी सबै कुरालाई ख्याल गरी नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले रोल्पामा २०६२ असोज ११ गते देखि १७ गतेसम्म सात दिने प्लास्टिक घरभित्र बेमौसमी तरकारी खेती तालिमको आयोजना गरेको थियो । यस तालिमले १८ जना सहभागीहरूलाई आवश्यक सीप आर्जन गर्ने उचित अवसर मिलाएको थियो । सुरुमा फाइदा हुन्छ भन्ने कुरालाई कमैले विश्वास गरेको भएता पनि आज जिल्लामा नै उदाहरण बनेका छन् । २४ वर्षीया हिमाकुमारी घर्ती यसैको एक उदाहरण बनेकी छिन् । उनको लिवाङमा आफ्नो जमिन नभएता पनि भाडामा सानो जमिन लिई करीब ७ मिटर लम्बाई र ३ मिटर चौडाइ रहेको एक प्लास्टिक घर बनाइ उक्त ठाउँमा बेमौसमी टमाटर खेती गर्न सुरु गरिन् ।

बेमौसममा गरिएको खेतीले उचित मूल्य पाउने भएको हुँदा प्रतिकेजी ३५ देखि ४० रुपैयाँसम्ममा टमाटर विक्री गरिन् । यसरी उत्पादित तरकारीबाट आफूले प्रयोग गरेर पनि २५ हजारभन्दा बढी आम्दानी गरेको उनको भनाइ छ । यसै सन्दर्भमा उनी भन्छिन्, "मेरो आजसम्मको अनुभवमा यति ठूलो रकम कमाएको थिइन । यो मेरो जीवनको पहिलो अवसर हो । यो सबै आम्दानी नयाँ प्रविधिकै कारणले भएको हो ।"

यसरी नै हाल चलिरहेको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुनपुगेका ओत गाविस वार्ड नं. ५ मा बस्ने हरीबहादुर घर्तीले पनि यस तालिमबाट सिकेका कुराहरूलाई सदुपयोग गर्न सफल भएका छन् । घर्तीले लिवाङमा आफ्नो जग्गा नभएको कारण वार्षिक ५ हजार रुपैयाँ तिर्ने सर्तमा थोरै जमिन लिएका थिए ।

यसै ठाउँमा सानो लगानीमा प्लास्टिक घर बनाइ खेती गरेका घर्तीले आफूले प्रयोग गरी ४ महिनाको छोटो समयमा २० हजार कमाएको अनुभव बताएका छन् । यसैले होला आजभोली यस क्षेत्रमा धेरै प्लास्टिक घर थपिदै गएका छन् । यस तालिमपछि जंकोट गाविस- १ निवासी चित्रबहादुर पुनले ३० मि. लम्बाई र १२ मि. चौडाईको घर बनाई खेती गर्न सुरु गरेका छन्।

यस किसिमका किसानहरूले पाएको सफलताले के संकेत गर्दछ भने, ठाउँ, समय र सीपको आधारमा समुदायहरूलाई तालिम दिएमा उनीहरूको जीविकोपार्जनमा महत्वपूर्ण टेवा पुग्नेछ । ✍

# जीविकोपार्जनको माध्यम बन्यो सीपमूलक तालिम

✍ पुष्पबहादुर राउत
सहायक सामाजिक परिचालक अधिकृत, आरआरएन, झापा

**आरआरएन**, झापा, ग्रामीण सामुदायिक पूर्वाधार विकास तथा जीविकोपार्जन कार्यक्रम (RCILSP) अन्तर्गत संचालित एकाउन्न दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तथा उद्यमशीलता विकास तालिम पूरा गरेका झापा जिल्ला महारानी झोडा-६ का नरबहादुर थापा सामान्य परिवारका व्यक्ति हुन् । एसएलसीसम्मको अध्ययन पूरा गरेका नरबहादुर थापा केही समयसम्म स्थानीय विद्यालयमा अध्यापन कार्यमा समेत संलग्न थिए । अस्थायी रूपमा कार्यरत भएकाले उक्त पेशालाई निरन्तरता दिन सकेनन् । त्यसपछि उनी रोजगारीका लागि धेरै ठाउँ भौतारिँदै हिँडे । स्वदेशमा केही नलागेपछि अन्तमा परिवारको सुनौलो भविष्यको सपना बोकेर विदेशतिर लागे ।

आखिर उनले त्यहाँ पनि दुःख बाहेक आर्थिक उपार्जन गर्न सकेनन् र खाली हात स्वदेश फर्किन बाध्य भए । यसरी जतासुकै हण्डर र ठक्कर खाएका थापा आरआरएनबाट दिईने सीपमूलक तालिमको जानकारी पाई संस्थामा आईपुगेका थिए । यसरी कुनै श्रोतबाट पनि आर्थिक उपार्जन गर्न नसकेको अवस्थामा थापाले यस संस्थाबाट प्राविधिक र व्यावसायिक तालिम प्राप्त गरे । तालिम लिने मौका पाएपछि उनले यसो भनेका थिए, "संस्थाले तालिममा पठाएपछि ममा उमंग र खुसी छाएको छ । यसलाई मैले अवसरको रुपमा लिनेछु र केही गरेर देखाउनेछु ।" त्यसै अनुरुप उनले अत्यन्तै मेहनतसाथ तालिम सिकें । तालिम समापनपछि मनमा लागेको कुरा उनीले यसरी बताएका थिए, "मलाई संस्थाले ठूलो गुन लगाएको छ । यो गुनलाई म बिर्सन सक्दिन, तालिमलाई मैले जीविकोपार्जनको लागि सार्थक रुप दिनुपर्छ ।"

तालिम प्राप्त गरेपछि नरबहादुर थापाले मोरङ्ग जिल्लाको डांगीहाट गाविसको बाहुनीमा आफ्नै सानो पूँजीबाट औषधि पसल (व्यवसाय) सुरु गरे । उनको कार्यको अनुगमन मूल्याङ्कन पश्चात संस्थाले बिउ पूँजीको रूपमा ७ हजार रुपैयाँ ऋण सहयोग प्रदान गर्‍यो । जसलेगर्दा उनमा व्यवसायप्रति अझ उर्जा थप्यो । औषधि पसलका साथै सामान्य खसीपालन कार्यमा समेत लागेका थापा पशुचिकित्सकको रूपमा समेत सक्रिय रहन थाले ।

समय र थकानको समेत पर्वाह नगरी एउटा औषधिको झोला बोकी साइकलमा गाउँ घरका गोठगोठमा पुगी पशुधनको सुरक्षा मात्र दिएनन् यथेष्ठ रुपमा आय आर्जन गर्नसमेत सफल भएका छन् । उनको मासिक आम्दानी औसत ४ हजार ५ सय रुपैयाँ हुने गर्छ । आफ्नो यही आम्दानीबाट घर परिवारको खर्च धानेका छन् । ७ जनाको परिवारमा हाल उनले दुई जना छोरा बोर्डिङ्ग स्कूलमा कक्षा २ र ४ मा अध्ययन समेत गराउन सफल भएका छन् ।

यसरी सामान्य र कठिन जीवन बिताइरहेका थापा हाल गर्व गर्दै भन्छन्, "यस्तो तालिम संस्थाबाट नपाएको भए न त ममा यो तालिमको भावना र उत्सुकताले मूर्त रुप नै लिन सक्ने थियो । न त मेरो जीवनमा हालको खुसी नै आउने थियो । यसबाट हाल म आफ्नो खुट्टामा उभिन सक्ने भएको छु" अझ उत्साहित हुँदै भन्छन् ।" ✍

# बत्तीको मुनि अध्यारो, त्यही अँध्यारोलाई आरआरएनले बनाउँछ उज्यालो

✍ **उमेश भारती**
आरआरएन, सोलुखुम्बु

**विगतमा गरेका प्रयासको सम्झना कोट्याउंदै फूर्वा तामाङ भन्छन्- "खानेपानीको समस्या लिएर हामी सरकारी तथा अन्य गैर सरकारी कार्यालयहरूमा अनुरोध गर्न नगएको हैन बारम्बार म नै धेरैजसो सल्लेरी सदरमुकाम गइरहें तर कसैले पनि हाम्रो कुरा सुनिदिएन ।"**

**हो जहाँ** रोग, अशिक्षा, गरिबी र नैराश्यताको अँध्यारो व्याप्त बस्ती छ । त्यही आरआरएनले शिक्षा, जीविकोपार्जन, स्वास्थ्य र सशक्तिकरण सम्बन्धी एकीकृत कार्यक्रम संचालन गर्दछ । एकातिर दुईघण्टा पनि राम्ररी हिड्नु नपर्ने ठाउँ सल्लेरी जहाँ विद्युत, खानेपानी, स्वास्थ्य, सञ्चार र एयरपोर्ट जस्ता सुविधा सम्पन्न नगरोन्मुख बजार छ अर्कोपट्टी त्यही बजारको एउटा वार्ड कुनिखोपका तामाङ बस्तीका मानिसहरू जीविकोपार्जन र स्वास्थ्यको कुरा त परै राखौं खानेपानीको समस्याले खोलाको दुषित पानी खाँदै भाग्य खोटो देखाउँदै धेरै समस्याहरू झेल्दै आएका छन् ।

उक्त गाउँको दुईतिर अग्ला पहाड त्यसैको कापमा छरिएका गरीब र पिछाडि पारिएका यी तामाङ समुदायहरूको काठका साना घर छन् । उनीहरू जीविकोपार्जनका लागि ज्यालादारी मजदुर पशुपालन गर्छन् । अधिकांशलाई खेतीपातीबाट ३ महिना पनि राम्ररी खान पुग्दैन । त्यसैले उनीहरू कृषिको भर धेरै पर्दैनन् । यहाँको मुख्य बाली आलु र अन्य सहायक बालीमा मकै र गहुँ उत्पादन गर्छन् । यहाँ स्वस्थ खानेपानीको ज्यादै अभाव थियो । हाल यस सोलुखुम्बु जिल्लामा संचालित ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम, आरआरएन अन्तर्गत खानेपानी निर्माण सम्पन्न भएको छ ।

यहाँ खानेपानी योजना आउनुभन्दा अगाडिका दिनहरूलाई सम्झँदै यसै गाउँका लालुमाया तामाङ भन्छिन्, "गाउँभरिकै मानिसहरू खानेपानीको लागि तिरतिरे काठे धारामा भर पर्नु पर्दथ्यो । पानीकै कारणले गाउँलेहरू धारामा एक आपसमा झगडा पर्ने रीति नै बसिसकेको थियो ।" सल्लेरी सदरमुकामसँग जोडिएको ठाउँले सदियौंदेखि खानेपानीको समस्या झेलेको र कसरी खानेपानी सुविधा उपलब्ध भएन तर्क उठ्न सक्छ । पानीको स्रोत नभएर पनि होइन यहाँ यथार्थ अर्कै छ । विगतमा गरेका प्रयासको सम्झना कोट्याउँदै भन्छन् फूर्वा तामाङ, "खानेपानीको समस्या लिएर हामी सरकारी तथा अन्य गैर सरकारी कार्यालयहरूमा अनुरोध गर्न नगएको हैन बारम्बार म नै धेरैजसो सल्लेरी सदरमुकाम गइरहे तर कसैले पनि हाम्रो कुरा सुनिदिएन ।"

दूषित खानेपानीको समस्याले गर्दा यस गाउँका मानिसहरू बारम्बार आउँ, झाडा पखाला,

टाइफाइड र हैजा जस्ता रोगहरूको शिकार बन्नु परेको थियो । स्वच्छ खानेपानीको खोजीमा गाउँलेहरूले डेड घण्टा माथि जङ्गलको बीचमा उम्रेको सफा पानीको मुहानबाट जसरी भएपनि गाउँमा पानी ल्याउने अठोट गरे । उनीहरू फूर्वादोजी तामाङको नेतृत्वमा आरआरएन र कृषि विकास कार्यालयले पुगे । कृषि विकास कार्यालयले पाइपहरू सहयोग गर्ने भयो । आरआरएन, सोलुखुम्बुले उक्त स्थानको व्यापक जनसहभागिताको साथ फिल्ड सर्भे तथा योजना पूर्वका सम्पूर्ण तयारीहरू पूरा गरी त्यहाँका समुदायको आवश्यकता र उत्साहलाई मध्यनजर राखी योजना संचालनको लागि ०६२ वैशाखमा औपचारिक रुपमा द्विपक्षीय सम्झौता भई खानेपानी निर्माण प्रारम्भ गरी ३१ साउनमा योजना सम्पन्न भयो ।

उक्त योजना अन्तर्गत एक इन्टेक, एक ट्याङकी र ६ वटा धारा निर्माण भएको छ । १६ घरलाई खानेपानी सुविधा पुऱ्याएको यस योजनामा १ लाख २ हजार ९ सय २६ रुपैयाँ बराबरको जनश्रमदान, जिल्ला विकास कार्यालय सल्लेरीको ६७ हजार ५ सय ८५ रुपैयाँ बराबरको नगद र जिन्सी गरी कूल लागत ४२ हजार २ सय ३१ रुपैयाँमा सम्पन्न भएको छ ।

शुद्ध खानेपानी आएपछि स्वास्थ्य र सरसफाइमा उल्लेखनीय फाइदा भएको मात्र हैन तरकारी खेती लगाई आय आर्जन समेत गर्ने समूहको भावी योजना रहेको कुरा हर्षित मुद्रामा बताउँछन् उपभोक्ता समितिका अध्यक्ष फूर्वा तामाङ ।

गतिविधि

# रामचन्द्रे सिंचाइ योजनाले ल्याएको परिवर्तन

झापा जिल्लाको जुरोपानी गाविस पूर्व-पश्चिम राजमार्गदेखि करिब २५ किलो मिटर दक्षिणमा अवस्थित छ । यस गाविसको उत्तरमा गौरादह, दक्षिणमा गौरीगंज र खजुरगाछी, पूर्वमा बैगुनधुरा, पश्चिममा महारानीझोडा, कोहबरा गाविसहरू सामाजिक र आर्थिक रूपमा पछाडि परेको खासगरी आदिबासी, जनजातिको बाहुल्यता रहेको भएपनि ब्राम्हण क्षेत्रीको पनि बसोबास रहेको पाईन्छ ।

यस गाविसको वार्ड- ५ मा अवस्थित रामचन्द्रे सिंचाइ योजना विगत ११ वर्षदेखि मुहान निर्माणपछि नहर निर्माणमा सिंचाइ थियो । सो योजनाका उपभोक्ता र जग्गा धनीबीच आपसी मेलमिलाप हुन नसकी निर्माण कार्य अधुरो अवस्थामा रहेको सिंचाइ गत वर्ष जग्गा धनी र सिंचाइ उपभोक्ताबीच आपसी विवाद समाधान गरी नहर संचालन गर्नुपर्छ भनी उत्सुकता आरआरएनले जगाएको हुँदा आपसी विवाद समाधान गर्न सफल भए । त्यस पश्चात उक्त योजनाको माग लिएर संस्थामा आएका उपभोक्ताहरूसँग छलफलपछि योजना अगाडि बढाएको थियो ।

उक्त योजनाको निर्माण कार्यमा आरआरएन, गाविस, जिविस र समुदायहरूको कूल लगानी ५ लाख ४७ हजार ७ सय ३ रुपैयाँ ४० पैसामा योजना सम्पन्न भई हस्तान्तरण समेत भैसकेको छ । जसमा आरआरएनले ३ लाख १५ हजार ६ रुपैयाँ ४० पैसा बराबरको सामाग्री गाविस/जिविस १ लाख ६० हजार रुपैयाँ, समुदायको ७२ हजार ६ सय ४३ रुपैयाँ गरी संयुक्त लगानीमा उक्त योजना सम्पन्न भएको छ । उक्त योजनाबाट २ सय ८२ घरधुरीको २ सय ५० बिघा जग्गा सिंचाइ भई १ हजार ५ सय ५१ उपभोक्ताहरूलाई प्रत्यक्ष लाभ पुगेको छ । जसले गर्दा त्यस क्षेत्रका समुदायको आर्थिक क्षेत्रमा केही पहुंच बढ्ने आशा गरिएको छ ।

**- कमल दाहाल**

सव-ओभरसियर, आरआरएन, झापा

# दोश्रो राष्ट्रिय जनआन्दोलनः भूमिअधिकार स्थापना तथा क्रान्तिकारी भूमिसुधारको लागि

✍ **भानु पराजुली**
जिल्ला संयोजक, आरआरएन, कञ्चनपुर

**"हरेकलाई कुनै एउटा देशको नागरिक हुने अधिकार छ ।"**
- संयुक्त राष्ट्रसंघको विश्वव्यापी मानव अधिकार घोषणा पत्र १९४८

**"हामीलाई जमिन देउ, भूमिहीनता नै हाम्रो प्रमुख समस्या र सरोकार हो । हामीलाई बस्न र खेतीका लागि आवश्यक जमिन छैन । बासको ग्यारेण्टी र खेतीका लागि जमिन भएमा नै हाम्रो विकासमा एक फड्को मार्दछ, हामीले मानव अधिकारको अनुभव गर्ने छौं ।"**
– बोधगयाका महिलाहरू

**विषय प्रवेश**

सार्वभौम छन् माथिका दुवै भनाई । राज्यविहीन कोही हुन सक्दैन । नागरिक हुनुका लागि राज्यको आवश्यकता पर्दछ । भूमि अधिकारले नागरिक बन्ने अधिकार दिलाउँछ । जोसँग जमिन छ उ नै स्वतन्त्र रूपमा बाँच्न र जीविकोपार्जन गर्न पाउँदोरहेछ । जोसँग जमिन छैन उ अरुको नियन्त्रण र आज्ञामा बाँच्नुपर्ने रहेछ । जमिन र मानव अधिकारको गहिरो सम्बन्धले विश्वव्यापी मानव अधिकार, स्वतन्त्रता र लोकतन्त्रका मूल्य र मान्यतालाई आत्मसाथ गरेको हुन्छ ।

वास्तवमा राष्ट्रिय जनआन्दोलनले देशको इतिहासमा एउटा महत्वपूर्ण राजनीतिक परिवर्तन सुनिश्चित गरेको छ । यो जनआन्दोलनका आफ्नै विशिष्ट विशेषता, पृष्ठभूमि र सन्देश छन् जुन ०४६ सालको जनआन्दोलन वा २००७ सालको क्रान्तिभन्दा नितान्त फरक र नौला छन् । राजनीतिक विकासक्रम र परिपक्वताका दृष्टिले यसको उच्च महत्व छ । त्यसकारण यसले राष्ट्रिय जीवन पूरै तरंगित पारेको छ र सिंगो संसारको ध्यान खिचेको छ ।

यो जति महत्वशाली छ, उत्तिकै मात्रामा यसले राजनीतिक नेतृत्वलाई जिम्मेवारी र चुनौती दिएको पनि छ । जनआन्दोलनको उठान र यसले पाएको हालसम्मको सफलताभित्र भूमिअधिकारको पाटो रहेको कुरा राजनीतिज्ञहरूले भुल्न हुँदैन । स्थापित लोकतान्त्रिक सरकारले भूमिको सही व्यवस्थापन र उपयोगमा विशेष प्रकारको नीति तथा रणनीतिक तर्जुमा गर्नै पर्दछ ।

**पृष्ठभूमि**

**१. भूमिअधिकार विकास अधिकारको पूर्वशर्त**

कुनै पनि समाज, जाति वा समुदायको प्रगति तथा सामाजिक अस्तित्वको निर्धारण त्यस समाजको उत्पादन तथा श्रमको सम्बन्धले गर्दछ ।

त्यही सम्बन्धको आर्थिक आधारले नै सामाजिक मर्यादा तथा सांस्कृतिक पहुँच स्थापित हुने गर्दछ । तसर्थ वर्तमान भूमि सम्बन्धलाई अलग्याएर नेपाली समाजका गरीब एवं पिछडिएका जातिहरूको समुदायको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि विकास सम्भव छैन । भूमि अधिकारलाई विकासको पूर्वशर्तको रूपमा लिएमा यसले अहिलेको द्वन्द्व र गरिबीलाई कम गर्न सहयोग पुऱ्याउँछ । मानव अधिकारको स्थितिमा सुधार ल्याउन पनि मद्दत पुऱ्याउँछ ।

**२. भूमि अधिकार मानव अधिकारको सवाल**

भूस्वामित्वलाई मानवअधिकारको अंगका दृष्टिकोणबाट हेर्दा नागरिकको सामाजिक सुरक्षा, न्याय तथा सम्मानका विषयहरू देखापर्दछन् । तर वर्षौंदेखि जोतभोग गरिरहेका मोहीहरूले कानुन बमोजिम पनि अधिकार पाउन नसकेको अवस्था छ । भूस्वामित्व, भूमि वितरण, भूमिको हदबन्दी निर्धारण जस्ता अहम सवालमा राज्यबाट विभिन्न समयमा ऐन र कानुन ल्याइएका छन्, आयोग बनेका छन् । तर तिनले मात्र तत्कालीन विद्रोह मत्थर पार्ने उद्देश्य राखे । वास्तविक जोताहा भूमिहीन बन्दै गए । वर्ग, क्षेत्रीय र जातीय विभेद अन्त्य हुनुको साटो झन् बढ्दै गयो । सामन्ती शोषण र उत्पीडनले किसानहरूको ठूलो पंक्ति झन गरिब बन्दै गए । रोजगारीका अवसरहरू मेटिँदै गए । सबैमा असन्तोष र निराशा पैदा भयो । ठीक यही क्रमसँगै माओवादी द्वन्द्वको सूत्रपातले असन्तोषलाई मलजल गऱ्यो र आज मुलुक रक्तपातयुक्त अवस्थाबाट गुज्रिरहेको छ । फलस्वरुप मानव अधिकार हननका शृंखला तीव्र बनेका छन् । शान्तिको कामना सबैले सधैं गर्ने गर्दछन् तर शान्ति भनेको हाम्रो सामाजिक संरचनाभित्रको भूमिको न्यायोचित वितरणमा छिपेको हेक्का कसैलाई छैन ।

जमिनको पहुँच र स्वामित्वबाट जातीय हिसाबले दलित, जनजातिहरू, वर्गीय हिसाबले गरीब निमुखाहरू र लैंगिक हिसाबले महिला वर्ग बञ्चित देखिन्छन् । भूमिअधिकार हननको क्रम यहीबाट सुरुवात भएको छ । राज्यको सामाजिक संरचनाले नै गरिबलाई झन् गरिब र धनीलाई झन धनी बनाउँदै लगेको छ । मानव विकास प्रतिवेदन १९९८ का अनुसार गरिबी ३ प्रतिशतले बढेको देखाएको थियो भने निरपेक्ष गरिबीको रेखामुनिका जनता बितेका दुई दशकमा दोब्बर भएका छन् । सन् १९८५ मा ४० प्रतिशत जनसंख्याको आम्दानी २३ प्रतिशत थियो तर सन् १९९६ मा घटेर ११ प्रतिशतमा झऱ्यो । माथिका धनी १० प्रतिशतको २३ प्रतिशतबाट बढेर ५२ प्रतिशतमा पुग्यो । यस्तो हुनुमा जमिनको असमान वितरण र नियन्त्रण नै हो ।

इतिहासलाई पल्टाउँदा भूमिकै कारण विभिन्न श्रम शोषणका दृष्टान्त पाउन सकिन्छ । कमैया, हलिया, हरूवा, चरुवा, कमारो, कमलरी र मोही प्रथा हाम्रो देशका ज्वलन्त उदाहरणहरू हुन् । यसैबाट आर्थिक रूपमा वर्गीय संरचना बलियो हुँदै आएको र वर्ग वर्गबीचमा द्वन्द्वको स्थिति सिर्जना भएको पाइन्छ । दैनिक काम गरेर साँझ छाक टार्नुपर्ने परिवारका लागि सरकारले तोकेको न्यूनतम ज्याला पाएका छन् कि छैनन् भनी अनुगमन गर्ने परिपाटी छैन । यो सोझै मानव अधिकारका सवालसँग गाँसिएका विषयहरू हुन् । कुटपिट र हत्याका घटनामात्र मानवअधिकारका घटना होइनन् । अदालतमा जाने मुद्दामध्ये ७२ प्रतिशत भूमिसँग सम्बन्धित भएको पाइन्छ । (उप्रेती २००२)

सन् १९१० ताका दक्षिणी फिलिपिन्समा मुसलमान समुदायको भूमि क्रिश्चियनलाई बाँड्ने सरकारी योजनाका कारण मुस्लिम समुदायमा विद्रोहको बिउ उम्रियो र मुलुक गृहयुद्धको भूमरीमा फस्यो । पारिवारिक द्वन्द्वदेखि राज्य राज्यबीचका द्वन्द्व पनि भूमिको स्वामित्व र नियन्त्रणलाई लिएर भएका थुप्रै उदाहरण हाम्रो सामु छन् । नेपालको भूमि प्रशासनको संयन्त्र ज्यादै जटिल र शक्तिशाली वर्ग समुदायको नियन्त्रणमा छ । गाविसदेखि सर्वोच्च अदालतसम्म यसको जालो छ । भूमिहीन सुकुम्वासी आर्थिक दृष्टिले होस् या सामाजिक सम्बन्धका दृष्टिले जमिन्दारसँग अधिकारका लागि

लड्नै नसक्ने हुन्छन् । खर्चिलो र न्याय प्रणाली झन्झटिलो भएका कारण भूमिहीन तथा मोही किसानले जमिनमाथिको अधिकार लिन सकेका छैनन् । मोहियानी हकका लागि लड्दालड्दै खर्च गर्ने पैसा नभएर विरगञ्जछेउका चौरसिया परिवारको सामूहिक आत्महत्याको दृष्टान्तले सबै कुरा छर्लङ्ग पार्छ ।

### ३. भूस्वामित्वको वर्तमान अवस्था

देशको कूल परिवार संख्या ४२ लाख ५३ हजार २ सय २० मध्ये १० लाख ३७ हजार परिवार कृषि भूमिहीन छन । २ लाख १७ हजार परिवारको छाप्रो उभ्याउने जमिन पनि आफ्नो छैन । भूमिसुधार बारे विगत ५० वर्षदेखि विभिन्न प्रयास थालिएको घोषणा भएपनि त्यसले संकुचित राजनीति बाहेक भूमि सम्बन्धमा परिवर्तन ल्याउन सकेको छैन । भूमिको वितरणमा ठूलो असमानता छ । माथिका ५ प्रतिशत धनीहरूसँग ३७ प्रतिशत जमिन रहेको छ । जो आफै खेती गर्दैनन् । (मानव विकास प्रतिवेदन २००४) जमिनमा रातोदिन श्रम गर्नेहरू जमिनबाट पाखा लगाइएका छन् । जमिनलाई उत्पादनका निम्ति हैन कि सम्पत्तिको रूपमा राख्ने चलनमा फरक आएको छैन । अधिराज्यभर २ लाख ६६ हजार दर्तावाल र करिब ४ लाख ५० हजार बेदर्तावाल मोही किसान रहेका छन् । कूल भू-भाग मध्ये ३० लाख हेक्टर जमिन खेतियोग्य छ । जसमध्ये २६ लाख हेक्टर जग्गाको पूर्जा वितरण गरिएको भएतापनि बाँकी जग्गाको स्वामित्व किटान छैन ।

### ४. नेपालको भूमिसुधार सिंहावलोकन

योजनाबद्ध विकासको थालनी भएको वि.स. २०१३ सालदेखि कानुनी रूपमा जग्गाधनी र मोहीहरूबीचको सम्बन्धलाई प्रष्टाउन खोजिएको थियो । २०१४ को भूमिसुधार ऐन लागू गर्न सजिलो होस् भन्नाका खातिर कृषि भूमिको लागत राख्ने काम र जोताहा किसानको हकहित संरक्षण गर्ने मूल उद्देश्य तत्कालीन ऐनमा राखिएको थियो । तर त्यही भूमि कानुनलाई पुन २०१६ मा र २०१८ मा दुईपटक गरी तीनवटा संशोधन गरिए । यसैबीच परिवर्तित राजनीतिक उथल पुथलकाबीच यसको कार्यान्वयन फितलो हुनु स्वाभाविक नै थियो । तत्कालीन पञ्चायती सरकारले भूमिसम्बन्धी ऐन २०२१ को प्रारम्भ गऱ्यो । कृषि क्षेत्रको सुधार भूमिबाट मात्र सम्भव छ भन्ने मूल ध्येयबाट प्रेरित प्रस्तावित ऐनका चार मुख्य उद्देश्यहरू थिए–

- जग्गाको हद निश्चित गरी हदभन्दा बढीको जमिन भूमिहीन किसानलाई वितरण गर्ने
- कूत बुझाएसम्म मोहीको मोहियानी हक सुरक्षित गर्ने
- मोहीसँग जग्गाधनीले निर्धारितभन्दा बढी कूत लिन नपाउने र
- अनिवार्य बचतको माध्यमबाट कृषि कर्जाको माग पूर्ति गर्ने

सो ऐन अनुसार भित्री मधेश/तराई, काठमाडौं र सम्पूर्ण पहाडी क्षेत्रमा घरबारीका लागि क्रमश ३ बिघा, ८ रोपनी र १६ रोपनी गरी २५ बिघा, ५० रोपनी र ८० रोपनी हदबन्दी कायम गरिएको थियो । २०२१ को भूमिसुधार ऐनले दस्तावेजमा जग्गाधनी र मोहीबीचको हानथाप त समाप्त गऱ्यो तर व्यवहारमा निमुखा भूमिहीन किसान जसको पहुँच सरकारी कर्मचारीसँग हुन नसक्दा सरकारी पहुँचवाल ठूलाबडाले कृत्रिम व्यक्ति खडा गरी अर्कै मोही देखाउने मात्र गरेनन् कि सार्वजनिक जग्गासमेत दर्ता गराउन थाले ।

ऐनको भावना र मर्म बमोजिम सरकारी काम

**माथिका ५ प्रतिशत धनीहरूसँग ३७ प्रतिशत जमिन रहेको छ । जो आफै खेती गर्दैनन् । (मानव विकास प्रतिवेदन २००४) जमिनमा रातोदिन श्रम गर्नेहरू जमिनबाट पाखा लगाइएका छन् । जमिनलाई उत्पादनका निम्ति हैन कि सम्पत्तिको रुपमा राख्ने चलनमा फरक आएको छैन ।**

कारबाही अगाडि बढ्न सकेनन् । तत्कालिक शासकहरूको स्वार्थपूर्ति गर्ने उद्देश्य बमोजिम कार्यक्रमहरू संचालित हुन थाले । २०२१ सालमा १६, ०२२ मा २५ र ०२३ मा ३४ जिल्लाहरूमा लागू गरिएको तत्कालिक कार्यक्रम त्यसै सेलाएर गयो । सबै जिल्लामा ऐनको कार्यान्वयन नभइरहेको बेला गाउँ फर्क अभियान आयो । जमिन्दार, भूमिसुधार र मालपोत कार्यालयहरूका कर्मचारीको मिलेमतोमा लापरवाही तरिकाले जग्गा दर्ता गर्ने अभियान नै संचालन भयो ।

२०२६ सालताका तत्कालिक भूमिसुधार मन्त्री राजेश्वर देवकोटाले पुनः जग्गाको हदबन्दी निर्धारण गर्ने प्रस्ताव ल्याएका थिए तर जमिन्दारहरूको हित रक्षामा जुटेको तत्कालीन सरकारी शासकहरूले त्यो प्रस्तावलाई असफल गराए । यस्ता क्रियाकलापका कारण तत्कालीन समयमा २०२१ को भूमिसुधार ऐन र त्यसको निर्धारित कार्यक्रम 'निमुखालाई ऐन धनीलाई चैन' भन्ने आरोपमा परिणत भएको दृष्टान्त भेटिन्छ ।

**५. प्रजातन्त्र पुर्नस्थापना पश्चातका प्रयास**

२०४६ सालको जनआन्दोलन पश्चात पुनः स्थापित बहुदलिय प्रजातन्त्र व्यवस्थाका सरकारहरूले पनि भूमिसम्बन्धी समस्यालाई पहिलो प्रथमिकतामा राखेका थिए । २०४८ को निर्वाचनबाट गठित एकमना कांग्रेसको सरकारका भूमिसुधार मन्त्री जगन्नाथ आचार्यको पालामा एउटै लालपूर्जाबाट सबै जग्गा देखिने व्यवस्था गर्न खाजिएको थियो भने उद्योग व्यवसायका नाममा राखिएको जग्गा त्यस प्रयोजन अनुरुप उपयोग नभएको पाइएमा त्यसलाई जफत गर्ने अभियान पनि चलाएको थियो । तर हदबन्दीभन्दा माथिको जग्गा खोस्न मुस्किल परेको तथ्य तत्कालीन मन्त्रीले नै ओकलेको सत्य हो ।

कसैले फलफूल खेती लगाएका भने कसैले लुकाएको आरोप वहाँले लगाउनु भएको थियो । त्यसबेला चाहे सूर्यबहादुर थापाको धनकुटामा ४ हजार २ सय रोपनी होस् या नगेन्द्रप्रसाद रिजालको सुनसरीमा २ सय विघा खोसिएको तर कांग्रेसकै पंक्तिबाटै आचार्यको कामको व्यापक विरोध सुरु भयो र कार्यक्रम असफल पारियो । त्यस बेलादेखि के पनि थाहा भयो भने राजनीतिक पार्टीहरूमा भूमिपतीहरूको बाहुल्यताका कारण भूमि व्यवस्थापनमा परिवर्तन आउन सकेन ।

२०५२ सालमा बनेको एमालेको अल्पमतको सरकारले भूमिसुधारलाई आफ्नो तत्कालीन नाराका रूपमा अघि सार्‍यो तर बीचैमा सरकार ढलेपछि कार्यक्रमले मूर्तरुप पाउन सकेन । मनमोहन अधिकारीको सरकारले भूमिमा के कस्तो सुधार आवश्यक छ सोको अध्ययन गर्न केशव वडालको संयोजकत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन गरेको थियो । भूमिसुधारको इतिहासमा बहुचर्चित र महत्वपूर्ण ठानिएको यसको प्रतिवेदनले सामन्ती भूस्वामित्वको अन्त्य गर्ने र प्रजातान्त्रिक ढंगले कृषि अर्थतन्त्रको विकास गर्ने ध्येय ल्याएको थियो ।

सरकार फाल्ने र बनाउने क्रमसंगै २०५३ सालमा शेरबहादुरको संयुक्त गठबन्धन सरकारले भूमि सम्बन्धी ऐन २०२१ लाई संशोधन गरेर बनेको सम्पत्ति सम्बन्धी मौलिक हक र भूमि सम्बन्धी चौथो संशोधन ऐन ल्यायो । भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य भूमिहीन किसान (जो वर्षौंदेखि कमाउँदै आएका छन्) का पक्षमा भन्दा जमिन्दारहरूकै पक्षमा तालमेल मिलाउने अभिप्राय स्वरुप यो संशोधन आयो ।

मोहियानी हकको अन्त्य गर्दै आएको यो ऐन निकै विवादित भयो । ऐनले साविकदेखि कमाई आएको मोहीको हक निजको परिवारमा सर्ने अवस्थामा बाहेक अब उप्रान्त कसैले कुनै जग्गावालाको जग्गा कुनै शर्तमा कमाएवापत त्यस्तो व्यक्तिलाई सो जग्गामा मोहियानी हक प्राप्त नहुने व्यवस्था गरेको थियो । त्यसैले यो ऐनलाई मोही विरोधी ऐनका रुपमा पनि टिप्पणी गर्ने गरिन्छ । ऐनमा दर्तावाला मोही र उसको वंशज बाहेक अन्यलाई मोहीका रुपमा दर्ता नगर्ने प्रावधान राखिएपछि यसले मोहियानी हक सम्बन्धी भूमिसुधारको मुख्य अवधारणको अन्त्य गरेको प्रष्ट

भयो । यस व्यवस्थाले कुनै मोहीको मृत्यु भएमा निजको हक नामसारी भएकोमा बाहेक अन्य कुनै पनि व्यवस्थामा मोहियानी हकको स्थापना नहुने भनी निषेध लगाउनुको अर्थ मोही हक कायम नभइसकेका तर अन्य व्यक्तिको जग्गा कुनै न कुनै तरिकाले वर्षौंदेखि कमाइ आएका लाखौलाख गरिब, निरीह जोताहा किसान तथा तिनीहरूको परिवारलाई जग्गाधनीले बेदखल गर्न सक्ने नै बनाइयो । यसले कमाउनेहरूलाई दुईवटा विवशता थोपऱ्यो ।

**एक–** कि त त्यही जग्गामा दैनिक ज्यालादारीमा कृषि मजदुरको रुपमा काम गर्न पर्नेभयो ।

**दुई–** कि त आफू र आफ्ना पुर्खाले वर्षौंदेखि कमाइआएको भूमि छाडी अन्यत्र पलायन हुनपर्ने बाध्यता उत्पन्न गरायो ।

यस्तै २०५८ सालमा शेरबहादुरकै सरकारले भूमि सम्बन्धी २०२१ को ऐनले व्यवस्था गरेको भूमि माथिको हदवन्दी निक्कै घटाएर घरजग्गासहित तराई, उपत्यका र पहाडी क्षेत्रमा क्रमशः ११ विघा, ३० रोपनी र ७५ रोपनीमा झारिएको थियो । यस ऐनले मोहियानी सम्बन्धमा पहिलेदेखि नै जग्गाको खनजोत गरी जग्गा कमाइआएको व्यक्ति र वार्षिक उब्जनीको मुख्य बालीसम्म मोहीको रुपमा कमाएको भए त्यस्तो व्यक्तिलाई स्वतः सो जग्गाको मोही हुनसक्ने तर त्यसरी मोहीहक प्राप्त गर्न मोही र जग्गाधनीबीच दोहोरो कवुलियत हुनुपर्ने र जग्गावालालाई कूत बुझाई त्यसको भरपाई लिएको हुनुपर्ने प्रावधान उल्लेख गरिएको थियो ।

यसले जग्गाको हदवन्दी घटाएता पनि कानुनी दृष्टिले मोहियानी हक दर्ता भएको अवस्थामा मात्र त्यो हक सर्ने व्यवस्था गरेबाट दर्ता नभएका मोहीहरूको भविष्य यद्यपि अन्योल छ । वर्षौंदेखि कमाई आएको भूमिमाथि सरकारले बेदखल गरेको गुनासो मोही वर्गको रहदै आएको छ । ६ महिनासम्म जग्गा बेचबिखन बन्द गरिए पनि सर्वोच्च अदालतले जग्गा बेचबिखनलाई रोक्का गर्न मिल्दैन भनी उक्त नीतिलाई अमान्य गरिदिएको थियो । फुकुवा गरिदिएपछि उल्टो जग्गावालहरूले अनाधिकृत कृतिम मोही, छोडपत्र, छुट्टिबन्द जस्ता रुपमा जग्गा लुकाउन थाले ।

**वर्षौंदेखि कमाई आएको भूमिमाथि सरकारले बेदखल गरेको गुनासो मोही वर्गको रहदै आएको छ । ६ महिनासम्म जग्गा बेचबिखन बन्द गरिए पनि सर्वोच्च अदालतले जग्गा बेचबिखनलाई रोक्का गर्न मिल्दैन भनी उक्त नीतिलाई अमान्य गरिदिएको थियो ।**

**६. भूमि बैंकको कार्यक्रम**

श्री ५ को सरकारले पछिल्लो पटकको मध्यपश्चिम र सुदुरपश्चिमका तिन जिल्लामा भूमि बैंकको अवधारणा अनुसार २५ हजार भूमिहीन परिवारलाई भूमिपतीबाट जग्गा खरिद गरी १५ किस्तामा ऋण तिर्ने प्रावधान अनुसार ऋण दिने निर्णय अनुसार भूमि बैंकको अवधारणा ल्याएको थियो । जुन कार्य दाङ, बर्दिया र कैलाली जिल्लामा लागू गरेको छ । बारम्बार सबै क्षेत्रबाट आलोचित यो कार्यक्रमले भूमिपतीहरूलाई नै हदबन्दीको प्रावधानबाट उन्मुक्ति दिने र भूमिसुधारमा यसले कुनै प्रभाव पार्न नसक्ने कुरा विज्ञहरूबाट आइरहेको छ । फाँटवारी गर्न र हदबन्दी भन्दा बढीको जग्गा सरकारीकरण गर्ने कार्य र परिवारको परिभाषा समस्याका कारण जग्गा बढी आउन नसक्ने कुरा आइरहेको अवस्थामा यो कार्यक्रम सफल हुने देखिएको छैन । यसर्थ वर्तमान जनआन्दोलनको सफलता स्वरुप बन्ने संविधान सभाको चुनाव र त्यसपछि बन्ने संविधानमा भूमिको न्यायोचित योजना बन्ने छ भन्ने आशा गर्न सकिन्छ ।

**७. भूमिहीनताले उब्जाएका समस्याहरू**

वास्तवमा भूमिहीनताले मोही र जमिन्दारबीचको द्वन्द्व बढाएको छ भने अन्य समस्याहरूमा द्वैध स्वामित्वको विकराल अवस्था, शसस्त्र

द्वन्द्वलाई मलजल, भोकमरी र खाद्य असुरक्षा, सामाजिक आर्थिक तथा सांस्कृतिक अधिकारको विकासमा अवरोध, नागरिकताको समस्या, विकास सहभागितामा ह्रास, बसाइँसराइमा तिव्रता, शहरी क्षेत्रमा जनसंख्याको चाप, बधुँवा श्रममा बढावा अर्थात यसको अन्त्यको अभियानमा कठिनाई, राज्यविहीन नागरिक सरह जीउन बाध्य– अन्य देशमा शरणार्थी, सामाजिक विकृति र विसंगति, शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासमा अवरोध, बालअधिकार, महिला अधिकार स्थापनामा अवरोध, भूमि उत्पादकत्वमा ह्रास, कूल गार्हस्थ उत्पादनमा कमी, वन जंगलको तीव्र फडानी, दशौं योजनाको लक्ष्यपूर्तिमा अवरोध र समग्रमा सहस्राब्दी लक्ष्यपूर्तिमा अवरोध आदि रहेका छन् ।

**८. समाधानका स्वरुपहरू**

**क) भूमि अधिकार स्थापनाका लागि चालिनु पर्ने कदमहरू**

१. हदबन्दीको न्यायोचित किटानी र प्रभावकारी कार्यान्वयन

२. जमिन जोतिरहेका वेदर्तावाल ४ लाख ५० हजारलाई मोहियानी हक र जोताहा किसानको पक्षमा जग्गा बाँडफाँड

३. भूमिहीनलाई सुरक्षित बास र भूमिहीन कृषि श्रमिकलाई जीविकोपार्जनका लागि भूमि

४. जमिनमा आधारित विभिन्न शोषण जस्तो हलिया प्रथाको उपयुक्त विकल्प र योजनाबद्ध अन्त्य

५. गुठीको नाममा रहेको ६,५७७ हे. जग्गाको सही स्वामित्व किटानी र व्यवस्थापन

६. विभिन्न कारण बांझो रहेको कूल खेतीयोग्य जग्गाको २० प्रतिशत जमिनको उचित प्रयोग

७. नापजाँचको वैज्ञानिकीकरण र भूरेकर्डको अभिलेखन

८. सरकारी जग्गा अतिक्रमणको विरुद्धमा सशक्त कार्यक्रम

९. भूमि अड्डाहरूको नयां व्यवस्थापन एवं सुदृढीकरण

१०. नयां जोताहामुखी नीति र त्यसको कार्यान्वयन आदि ।

१० शाही संरक्षण तथा निकुञ्जहरूको पुर्नसंरचना

**ख) भूमिअधिकारका लागि नागरिक अभियान**

भूमि अधिकार अभियान सिन्धुपाल्चोकबाट शुरु भएको अहिले नेपालका २५ भन्दा बढी जिल्लाहरूमा संचालित छ । ६३ हजारभन्दा बढी सुकुम्वासी तथा मोही किसानहरूले भूमि अधिकारका लागि सम्बन्धित कार्यालयमा निवेदन दर्ता गराएका छन् । ५ सय भन्दा बढी पीडित किसानहरूको आफ्नै संगठन बनिसेको छ । २१ जिल्लाका भूमिहीन र सरोकारवालाहरूको संलग्नतामा मलेसियाबाट सुरु भएको एसियाली किसान मार्च नेपालमा भूमि र खाद्यान्नमा किसानको सम्प्रभुता कायम गर्न दबाब सिर्जना गर्ने उद्देश्यले 'सामाजिक न्याय, भूमिसुधार र भूमि अधिकार स्थापनाका लागि सशक्त नागरिक अभियान' भन्ने नाराका साथ सम्पन्न भएको छ ।

मुलुकभरका दलित सप्तरीमा जम्मा भई भूमिअधिकार, आरक्षण र नागरिकता समेतका विषयलाई जोडदार उठाए । मुलुकमा व्याप्त गरिबी र सबैखाले असमानताहरूले वर्तमान द्वन्द्वलाई चर्काएको अवश्य हो । भूमि देशको मुख्य सम्पत्ति हो । कृषि क्षेत्र उत्पादनको प्रमुख आधार हो । कृषि श्रमिक अर्थात किसान नै प्रमुख उत्पादक शक्ति हुन् । अझैसम्म भूमि अधिकारलाई मानव अधिकारको नजरबाट नहेरी जमिन खोसेर कसैलाई दिलाउने नियतबाट बुझिने गरिन्छ । सरकारी एवं गैरसरकारी निकाय सबैको ध्यान गरिबी निवारणमा केन्द्रीत भएपनि भूमि अधिकारको मुद्दालाई धेरैले ध्यान दिन सकेका छैनन् ।

**ग) भूमि व्यवस्थापनका सम्भावनाहरू**

पाँच दशकदेखि लागेको 'जसको जोत उसको पोत' भन्ने नारा जोताहा किसानहरूको हित विपरीतको कानुन आउँदा पनि सबै कानमा तेल हालेर बसिरहे । विगतका भूमिसुधारलाई हेर्दा सबै

सरकारले क्षणिक लहड, विनाअध्ययन र जनचाहना नबुझीकनै कार्यक्रम घोषणा गरिए । भूमिसुधार किन र केका लागि भन्ने कुरामा व्यापक अस्पष्टता देखिने र जमिन्दार पृष्ठभूमिबाट सरकार र नीति निर्माता तहमा पुगेकाहरूले देश सुहाउँदो स्थानीय भूमिसुधारका मोडलहरूको अभ्यास गर्न चाहेनन् । ऐनको २/३ दफा संशोधनको अध्यादेश ल्याएर मात्र हुँदैन । अब २०२१ को संशोधन होइन भूमिसुधारको नयां ऐनको खाँचो छ । जसका लागि व्यापक सामाजिक बहसको आवश्यकता छ ।

**१. जोताहा उद्यमीमुखी भूमिसुधार**

जोताहा किसानलाई जमिनको मालिक बनाउने काम अन्तर्गत 'जसको जोत उसको पोतको' व्यवस्था गर्दछ । कृषि प्रणालीलाई व्यवसायमुखी बनाउनका लागि कानुनी प्रावधानको व्यवस्था गर्ने श्रमिकहरूको आवश्यकता भएमा न्यूनतम ज्याला र सुविधा पाउने नीति नियम बनाउने । यसले जमिनमा जसले श्रम गर्छ, उसको स्वामित्वमा जमिन हुन्छ, तर उसले त्यस जमिनलाई व्यावसायिक हिसाबले कृषिजन्य खेती प्रणाली अपनाउनु पर्दछ । यसले बाँझो जग्गाबाट हुने करिब ४२ अर्व अहिलेको घाटालाई हुन दिँदैन भने खाद्यान्न आपूर्तिमा देशलाई आत्मनिर्भर बनाउँछ । वर्तमान द्वन्द्वको स्थितिमा सुधार पनि ल्याउनेछ । सम्भवतः जनमुखी भूमिसुधारको यो नै उत्तम मोडेल हुनसक्छ । तर, यसका लागि सरकार, राजनीतिक पार्टीहरू र नागरिक समाज तयार हुन आवश्यक छ ।

**२. समुदायमुखी भूमिसुधार**

यो मोडेल अन्तर्गत विविध क्षेत्र, समुदाय, जनजाति, पेसाका जनसमूहका निम्ति एउटै प्रकारको एउटै सांचोमा ढाल्ने केन्द्रीय राज्य नियन्त्रित भूमिसुधार नीति नभएर समुदायमुखी भूमिसुधार नीति हुनेछ । समुदायका जमिन जोत्नेहरू, जमिनको व्यवस्थापन गर्नेहरू बसेर भूमिसुधार तथा व्यवस्थापनको नीति तयार गर्नेछन् । यसमा राज्यले नियन्त्रण गर्ने नीतिभन्दा पनि भूमिको व्यवस्थापन गर्नेहरूले सहभागितामूलक तरिकाबाट भूमि व्यवस्थापनको नीति निर्माण गरी कार्यान्वयन गर्नेछन् । यसमा उत्पादन बढाउने मात्र होइन, वातावरण तथा पर्यावरण जोगाउने भूमि व्यवस्थापनलाई जोड दिइन्छ ।

**जमिन्दार पृष्ठभूमिबाट सरकार र नीति निर्माता तहमा पुगेकाहरूले देश सुहाउंदो स्थानीय भूमिसुधारका मोडलहरूको अभ्यास गर्न चाहेनन् ।**

सामाजिक न्याय, वातावरण न्याय र उत्पादनमा न्यायोचित अंसियार भएको भूमि व्यवस्थापन हुनेछ । नेपालका लागि भूमिसुधारको एउटै नीति सबै भौगोलिक बनावटका लागि उपयुक्त नहुन पनि सक्छ । तर, यो काम गर्न सरकारले दृढ इच्छाशक्ति देखाउनै पर्छ । यसका लागि जनताद्वारा चुनिएको प्रजातान्त्रिक सरकार स्थानीयदेखि केन्द्रसम्म हुनु जरुरी छ । जुन अवसर यतिबेला रहेको छ ।

(जगत बस्नेत कान्तिपुर दैनिक)

**अन्य सम्भावनाहरू**

आज जनआन्दोलनको परिणामस्वरुप लोकतान्त्रिक मुलुकमा नेपाल गणना हुने संकेत देखा परिरहेको अवस्था छ । यो जनआन्दोलन वास्तवमा भूमिहीनहरूलाई भूमि अधिकार स्थापित गर्न आएको पनि हो । नेपालको माओवादी विद्रोहको बिउमा भूमिहीनबाट सिर्जितले बढी नै अंश ओगट्न सक्दछ । यसर्थ वर्तमान सरकार होस् या अन्तरिम या संविधानसभा पछिको सरकार होस निम्नानुसार सम्भावना र अवसरहरू उसका लागि रहेका छन् ।

१. भूमिसुधार तथा व्यवस्था विभागले आ.व. ०५७/५८ मा लिएको ३५ जिल्लाको रेकर्डमा २ लाख ८८ हजार २६१ दर्तावाल मोही रहेको जनाइएको छ । यस बाहेक ४ लाख ५० हजार परिवार बेदर्तावाल मोही रहेको आंकडा प्रस्तुत गरेका छन् । यसरी अरुको जमिन जोत्नेमा अधिकांश भूमिहीन, दलित, गरिब परिवारका रहेका छन् । जोताहा

किसानलाई जोतभोगको आधारमा मोहियानी हक दिने हो भने झण्डै ५ लाख भूमिहीन तथा मोही परिवारले जोतिरहेको जग्गाको आधा हिस्सा प्राप्त गर्नेछन् । यसका लागि सरकारले कुनै रकम खर्च गर्नु पर्दैन मात्र मन्त्रिपरिषदको बैठकले निर्णय गरेर भूमिसुधार कार्यालयलाई निर्देशन र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्दा पुग्छ ।

२. बासको लागि सबैलाई जमिन आवश्यक भएपनि खेती गर्ने जमिन जोताहाको हातमा हुनुपर्दछ र उसले उत्पादन बढाउन आवश्यक सबै कार्य गर्नुपर्दछ । मोही र जग्गावालबीच जग्गा बांडफांड गर्ने क्रममा हुन आउने आधा जग्गा मोहीले किनोस् भन्ने हो भने सरकारले मोहीहरूलाई ऋणको व्यवस्था गर्नुपर्दछ, जुन व्यवहारिक पनि हुन्छ । सरकारले विनाव्याज पनि यस्तो ऋणको व्यवस्था गर्नसक्छ ।

३. हदबन्दीभन्दा बढीको जग्गा सरकारीकरण गर्न कडाइकासाथ कदम चालिनुपर्छ । यसरी सरकारीकरण गरेको जग्गा भूमिहीन तथा भूमिहीन जोताहा किसानलाई वितरण गर्दा अहिलेको सुकुम्बासी, कमैया, हलिया आदि समस्या समाधान हुनसक्छ । यसका लागि सरकारले कडा नीति र इच्छाशक्ति देखाउन सक्नैपर्छ ।

४. हाल मुलुकमा खेतीयोग्य भूमिको २० प्रतिशत बाँझो रहेको अनुमान छ । उद्योगका नाममा ओगटेका जग्गाहरू प्रयोगमा नआएको भए प्रयोगमा ल्याउन निश्चित समय दिइनुपर्छ र त्यति गर्दा पनि प्रयोगमा नआए खोसी भूमिहीन किसानलाई वितरण गराउनुपर्छ ।

५. मुख्यतया तराई र आसपासका क्षेत्रमा ऐलानी जग्गामा बसोबास एवं खेतीपाती गर्नेको संख्या पनि उल्लेख्य रहेको छ । यीमध्ये कतिपयको रैकर जग्गा छैन । रैकर जग्गा नहुँदासम्म जग्गामा धेरथोर पहुँच भएर पनि उनीहरू भूमिहीन नै रहनुपरेको छ । रैकर जग्गा र गुठी जग्गा जग्गाहरूको स्वामित्व र प्रयोग सम्बन्धी स्पष्ट नीति ल्याइ भोगचलन गरिआएका, मतदाता नामावली र अन्य विकासका पूर्वाधार भएका स्थानको जग्गा एक निश्चित मापदण्ड तोकी भोगकर्ताकै नाम दर्ता गरिदिने भए भूमिहीनको संख्यामा ठूलो कटौती हुनसक्छ ।

६. भूदान जस्तो सामाजिक प्रक्रिया थालिनुपर्छ । कतिपय जमिन्दारहरू कृषि पेसाबाट पलायन भएका छन् तर जग्गा ओगटी रहेको अवस्था छ । निश्चित प्रक्रिया र मुआब्जाका भरमा भूदानबाट संकलित जमिन भूमिहीन र सुकुम्बासीलाई वितरण गर्न सकिन्छ ।

७. हिमाल, पहाड र सिवालीक रेन्जका उच्च भागबाट बग्ने नदी खोलाहरूले तराईको जमिन कटान गरेर नष्ट पारिरहेको छ । प्राकृतिक प्रकोपको समुचित व्यवस्थापन गरी खोला नदीका छेउका बगर जमिनलाई उर्वरभूमिमा परिणत गर्न सकिन्छ भने कतिपय भूमिहीन परिवारलाई त्यस्ता स्थानहरूमा स्थानान्तरण गर्न सकिन्छ ।

**भुल्न नहुने कुरा**

भूमिसुधारका कुरा जमिन्दार र मोहीबीचको द्वन्द्वका रुपमा मात्र लिनुहुँदैन । कसैको जग्गा खोसेर कसैलाई दिने होइन । संविधान र कानून प्रदत्त अधिकार गरिब किसानहरूलाई उपयोग गराउने काम देशको प्राकृतिक सम्पदा, साधन स्रोतको न्यायोचित वितरणको सामाजिक न्यायको सिद्धान्तसँग जोडिएको सवाल हो । विकासको प्रवेश मार्ग नेपालको गरिब किसानको हकमा भूमि नै हो । जब भूमि प्राप्त हुन्छ उसको आधारभूत कुरा सुनिश्चित हुन्छ भने विकास र अधिकारका अन्य मार्गहरू खुल्न थाल्दछ ।

मानवअधिकारप्रति सरकारी प्रतिबद्धता जाहेर हुनका लागि भूमि अधिकारबाट पीडित किसानहरूको भूमिमाथिको अधिकार सुनिश्चित गर्नुपर्छ । यसले नै अहिलेको विद्यमान गरिबी, सामाजिक अन्याय र द्वन्द्वलाई कम गर्न सहयोग गर्नेछ । जमिन अत्यन्त महत्वपूर्ण उत्पादनको साधन हो । दक्ष जनशक्तिको त्यति नभएको, बहुसंख्यक किसान निरक्षर भएको र वैकल्पिक

रोजगारीको व्यवस्था अत्यन्त न्यून भएको हाम्रो जस्तो मुलुकमा भूमिको व्यवस्थापनमा गम्भीर भएर सोच्न जरुरी छ ।

अनुभवले जोत्ने, परिश्रम गर्नेको नाममा जमिन नगए केही परिवर्तन हुंदैन भन्ने कुरा देखाएको छ । हाम्रो समाजमा भूसम्बन्ध विभिन्न सामाजिक सवालहरूको केन्द्रविन्दु बन्ने गरेको छ । आधारभूत सामर्थ्यको पहुंचमा भूमिको आवश्यकता रहने हुंदा भूमिमा आधारित सामन्ती शोषणका रुपलाई समाप्त गर्न, भूस्वामित्वको वितरण प्रणालीलाई समतामूलक बनाउन, जोताहाको हकको ग्यारेण्टी गर्न तथा भूमि प्रशासनलाई सरल र वैज्ञानिक बनाउन अनिवार्य भएको छ ।

सार्वभौमसत्ता आम गरीब नेपालीको हातमा ल्याउने उद्देश्य बोकेको यो जनआन्दोलनमा झण्डै दुई दर्जन लोकतन्त्रका पक्षधर नागरिकले साहदत प्राप्त गरेका छन् । पांच हजार भन्दाबढी गम्भीर रुपमा घाइते बनेका छन् । १ करोड बढी अधिराज्यभरका जनता सडकमा निस्किए । गाउँ गाउँबाट मजदुर, कमैया, महिलाहरू डाडुपन्यू, झाडु, हथौडा, हलो, कोदालो आदि लिएर सडकमा निस्के र राजधानीलाई बिउंझाए । तसर्थ दासताको उन्मुक्ति र परम्परागत भूदासत्वको अन्त्य हुनैपर्ने भएकाले भूमिहीन तथा सुकुम्वासीहरूको अधिकार स्थापित गर्ने काम जतिसक्दो जाडो हुन आवश्यक रहेको छ ।

भूमि अधिकारको क्षेत्रमा सुकुम्वासी, जोताहा मोही किसान, हलियाहरूसँग कुनै न कुनै रुपले काम गरिराखेका गैर सरकारी संघसंस्था तथा ट्रेड युनियनहरू र सरकारी निकायबीच समन्वयात्मक कार्य यतिबेला टड्कारो बनिरहेको छ ।

**सन्दर्भ सामग्रीहरू**


- रा.यो. आ. तथा दशौं पञ्चवर्षीय योजना, २०५९।६० देखि २०६३।०६४
- आर्थिक सर्वेक्षण २००३,२००४
- केन्द्रीय तथ्यांक विभागका विभिन्न प्रकाशन तथा सूचना
- कान्तिपुर दैनिक लगायतका राष्ट्रिय पत्रपत्रिकाका सूचना तथा लेख रचना (२०६०–०६१)
- आरआरएन र इन्सेकका रिपोर्टस शृंखलाहरू (२००२–२००३)
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सूचना तथा सामाग्रीहरू
- इन्सेकका लागि आरआरएनका तर्फबाट "भूमिअधिकार तथा व्यवस्थापनः सम्भावना र चुनौती विषयक भानु पराजुलीको कार्यपत्र २००४ पोखरा"
- नेपालमा कृषि श्रमिक, १९९६ ✍



# जानकारी

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले सहभागीमूलक प्रकोप व्यवस्थापन प्रशिक्षक-प्रशिक्षण पुस्तिका प्रकाशित गरेको छ ।

**यसमा निम्न विषयहरू समावेश गरिएका छन् ।**

- ✍ तालिम र यसको महत्त्व
- ✍ तालिम र विधिहरू
- ✍ समुदायमा आधारित प्रकोप व्यवस्थापन
- ✍ प्रकोप न्यूनीकरण
- ✍ प्रकोप पूर्वतयारी
- ✍ उद्धार तथा राहत सेवा
- ✍ स्वयंसेवकको भूमिका
- ✍ नेपालमा हुने प्रकोपहरू
- ✍ प्राथमिक उपचार
- ✍ संकटाभिमुख